जलवायु अनुकुलन कार्यक्रमका लागि अनुदान... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ •अंक ५ • २०८१ साल जेठ ११ गते शुक्रबार (24 May, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


# सरकार लोकतन्त्र सिध्याउन लागेः अध्यक्ष यादव

**टुडे समाचारदाता**

विराटनगर । जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले राज्यको शक्ति र स्रोतको चरम दुरुपयोग गर्दै सरकारले लोकतन्त्रलाई सिध्याउन लागेको बताएका छन् । उनले आफ्नो पार्टी फुटाएको प्रधानमन्त्री प्रचण्डले लोकतन्त्रको मेरुदण्ड प्रेसमाथि पनि आक्रमण गरेको बताएका छन् ।

जसपा नेपालको आसन्न महाधिवेशनका लागि मोरङ जिल्लाको निर्वाचन क्षेत्र नम्बर ५ मा बिहीबार प्रतिनिधि छनोट कार्यक्रममा उनले लोकतन्त्रमाथि प्रहार गर्ने क्रममा सरकारले अब प्रेसमाथि पनि हमला गर्न थालेको बताए ।

'राज्य शक्तिको दुरुपयोग गरेर जसपा नेपाललाई फुटाइएको छ ' उनले भने-'प्रधानमन्त्री प्रचण्ड लोकतन्त्र सिध्याउने खेलमा लागेका छन् ।'

'प्रधानमन्त्री आफैं भन्दै हुनुहुन्छ सरकार टिकाउनका लागि जसपालाई फुटाएँ, जे पनि गर्छु' अध्यक्ष यादवले भने-'प्रधानमन्त्रीले जे गरेर पनि सत्ता टिकाउने र राज्यको शक्ति र स्रोतलाई दुरुपयोग गरेर पार्टी फुटाउने कार्य भनेको लोकतन्त्रलाई सिध्याउने अभ्यास हो ।'

लोकतन्त्रलाई सिध्याउने खेल राज्यबाट भइरहेको उल्लेख गर्दै उनले लोकतन्त्र विरोधी गतिविधिमा अगाडि बढेको सरकारलाई रोक्नु पर्छ ।

'म देश बाहिर रहेको बेला कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएका व्यक्ति नै चोइटिएर गए' यादवले भने-'पार्टी फुटाउने कार्यमा राज्यशक्तिको व्यापक दुरुपयोग भएको छ । उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीको हैसियतमा अमेरिका रहेका बेला अशोक राई, राजेन्द्र श्रेष्ठ, प्रदीप यादव, नवलकिशोर साह, वीरेन्द्र महतो सहितका सांसदहरुले पार्टी फुटाएर २४ घण्टा भित्रै अर्को दल जनता समाजवादी पार्टी(जसपा) दर्ताको प्रमाण लिएका थिए ।

पार्टी विभाजनविरुद्ध यादव सर्वोच्च अदालतमा रिट हालेका छन् । तर प्रधानमन्त्री प्रचण्डले अन्तरिम आदेशको बेवास्ता गर्दै



जसपाका सांसदहरुबाट विश्वासको मत लिएका छन् ।

संसदीय व्यवस्था नै असफल भइसकेको उल्लेख गर्दै अध्यक्ष यादवले मार्सल लगाएर संसद चलाइरहेको बताए । मार्सल लगाएर संसदको गतिविधि अगाडि बढाइनु लोकतान्त्रिक पद्धतिको उपहास भएको उनले आरोप लगाए ।

'मुलुकमा राजनीतिक स्थिरता कायम गर्न निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्छ' यादवले भने-' मुलुकको अहिलेको संसदीय प्रणाली पटक-पटक असफल भइसकेकोले राजनीतिक स्थिरता कायम गर्न निर्वाचन प्रणाली परिवर्तन गर्नैपर्छ ।'

प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र समानुपातिक प्रणालीबाट छनोट हुने सांसद आवश्यक भएको उनको तर्क छ ।

समानुपातिक प्रणाली लेनदेनको आधारमा सांसद बनाइने र त्यस्ता सांसदले राज्यप्रतिको जिम्मेवारी समेत बोध नगरेको हाल भइरहेको अभ्यासबाट देखिन्छ ।

सहकारीको करोडौ रकम हिनामिनामा संलग्न रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको तथ्यपरक समाचार सार्वजनिक गरेका कारण नै सरकारले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ गरेको उनले आरोप लगाए ।

दुईवटा नागरिकता, दुईवटा पासपोर्ट राख्ने नै देशका गृहमन्त्री भएपछि उनले लाखौं नागरिकको निक्षेप अपचलनगर्दा कसले कारवाही गर्ने ?उनले प्रश्न गरे । सिरोहियालाई तत्काल रिह ागर्न उनले माग गरे ।

मुलुक स्वेच्छाचारी तानाशाहको चंगुलमा फस्ने सम्भावना देखिएकोले जनतालाई सचेत र सजग हुन उनले आग्रह गरे ।

अध्यक्ष यादवले लोकतन्त्रलाई धरापमा पार्न प्रेस स्वतन्त्रता हनन् गर्ने कार्य शुरु भएको टिप्पणी गरे । प्रधानमन्त्रीले नै हाकाहाकी पार्टी फुटाएको भनेकाले लोकतन्त्रको भविष्य आफूले नदेखेको उनले बताए ।

सत्ता टिकाउन प्रधानमन्त्री प्रचण्ड अन्य दललाई समेत फुटाउने दुष्प्रयास गरिरहेको उल्लेखगर्दै यादवले भने-'लोकतन्त्रको बलिया आधारहरुमाथि सरकारले प्रहार गर्न थालेको छ ।'

लामो समय प्रचण्डसँग सहकार्य गरेका अध्यक्ष यादव भने अहिले अत्यन्त क्रुद्ध बनेका छन् । जसपा नेपाल फुटाएर सत्ता टिकाउने प्रचण्ड प्रपञ्चबाट यादव आहत भएका छन् ।

महाधिवेशनको मुखमा पार्टी विभाजन भए पनि एकताको प्रथम राष्ट्रिय महाधिवेशन निर्धारित समयमै हुने तयारीलाई जसपा नेपालले निरन्तरता दिएको छ । असन्तुष्टहरु पार्टी नै छाडेर गएकाले प्रतिनिधि छनोट निर्विरोध रुपमा हुन थालेको बताइन्छ ।

## थुनामा राख्ने कुनै कारण छैन :वरिष्ठ अधिवक्ता शर्मा

**टुडे समाचारदाता**

जनकपुरधाम । सञ्चार उद्यमी एवं जनकपुरधामका रैथाने कैलाश सिरोहियालाई थुनामा राख्नुपर्ने कुनै कारण नभएको वरिष्ठ अधिवक्ता विनोद शर्माले जनाएका छन् ।

सिरोहियाको पक्षका कानुन व्यवसायीसमेत रहेका शर्माले पक्राउ गर्नु नै पूर्वाग्राही भएको बताए । 'सिरोहिया प्रमाण नष्ट गर्नसक्ने कुनै निकायमा छैनन्, उनी देश छाडेर भाग्ने पनि होइन' उनले भने, ' नागरिकताको मुद्दा दर्ता गरिए पनि उनलाई पक्राउ गर्ने कारण राजनीतिक प्रतिशोध हो ।'

'प्रहरीले थुनामा राख्न माग गर्दैमा अदालतले आदेश दिनुपर्ने कुनै आधार थिएन' शर्माले भने, 'कुनै नागरिकलाई थुनामा राख्नुको पर्याप्त कारणहरु हुनुपर्छ । तर सिरोहियालाई थुनामा राख्ने त्यस्ता कुनै कारण छैन ।'

सिरोहियामाथि लगाइएको अभियोग अधारहीन रहेकाले उनी स-सम्मान रिहा हुने विश्वास उनले व्यक्त गरेका छन् । राज्यशक्तिको दुरुपयोग नागरिकलाई यातना दिन गर्न नहुने उल्लेख गर्दै उनले भने, ' लोकतन्त्रमा विधिको शासन हुनुपर्छ ।' शुक्रबार पनि उनी सिरोहियाको पक्षमा बहस गर्ने उनले बताए ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता समेत रहेका डीएसपी रञ्जन आवाले शुक्रबार म्याद थपका लागि अदालत लगिने बताएका छन् ।






# 'सिरोहियालाई भेंट्न भीड'



**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रहरी कार्यालय धनुषामा राखिएको कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई भेंटन नेता, समाजसेवी, पेशाकर्मीहरुको भीड लाग्न थालेको छ ।

सिरोहियालाई प्रतिशोध साध्न प्रहरी हिरासतमा राखिएको आरोप लगाउँदै नेताहरुले तत्काल रिहाइ गर्न माग गरेका छन् ।

नेपाली कांग्रेसका पूर्व उपसभापति समेत रहेका पूर्व उपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिले सिरोहियालाई भेंटन बिहीबार काठमाण्डुबाट जनकपुरधाम आएका छन् ।

जनकपुरधाम मिल्सएरियामा सिरोहियाका आमनेसामनेको छिमेकी रहेकानेतानिधिलेउनीमाथिनागरिकता किर्ते गरेको आरोप लगाउनु नै अपराध रहेको बताए । 'सय वर्ष भन्दा बढी समयदेखि नै जनकपुरधाममा बसोबास गरेका सिरोहिया परिवारमाथि नागरिकताको प्रश्न उठाउनु दूर्भाग्यपूर्ण हो' उनले भने, राज्यसत्ताको यस भन्दा ठूलो दुरुपयोग अरु के हुन सक्छ ?'

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले मधेशीलाई तर्साउने हतियार नै राज्यले नागरिकतालाई बनाएको बताउँदै देशकै अग्रणी सञ्चार गृहका अध्यक्षलाई कार्यकक्षबाट प्रहरीले पक्राउ गर्नु राज्य आतंक भएको बताएका छन् ।

तत्काल रिहाईको मागगर्दै लोकतान्त्रिक व्यवस्थालाई सबल बनाउने प्रमुख खम्बाको रुपमा रहेको सञ्चार क्षेत्रलाई राज्यले तर्साउने काम गर्नु निन्दनीय भएको बताए ।

संघीय राजधानी काठमाण्डुमा रहेका मुख्यमन्त्री यादव शुक्रवार बिहान नै सिरोहियालाई भेंटन फर्किन लागेको बताएका छन् ।'विमानस्थलबाट म सोझै जिल्ला प्रहरी कार्यालयमा कान्तिपुरका अध्यक्ष सिरोहियालाई भेंटन जानेछु'उनले भने, राज्यले अनाहक रुपमा कसैलाई दुख दिन पाउँदैन् ।'

प्रहरीले अनुसन्धानका लागि अदालतबाट थप गरेको म्याद शुक्रवार सकिदैछ । पुनः म्याद थपका लागि उनलाई जिल्ला अदालत धनुषामा उपस्थित गराइने तयारी गरिएको छ । प्रहरीले सिरोहियामाथि लगाएको आरोपको जवाफ उनले बुधवार नै दिइसकेका छन् ।

काठमाण्डुस्थित कान्तिपुरको केन्द्रीय कार्यालयमा आफ्नै कार्यकक्षमा रहेका बेला हतियारधारी प्रहरी प्रवेश गरी उनलाई नियन्त्रणमा लिएको थियो । त्यसको चौतर्फी विरोध भइरहेको छ ।

मिडिया सोसाइटीका अध्यक्ष शुभशकंर कड्ेल, आर्थिक पत्रकार समाजका पदाधिकारीहरु, नेपाल उद्योग वाणिज्य महासंघ, चेम्बर अफ कमर्स लगायतका उद्योगी, व्यवसायीहरुका छाता संगठनका पदाधिकारीहरुले बिहीबार सिरोहियालाई भेटेर सहानुभूति प्रकट गर्दै राज्य आतंकको विरोध गरेका छन् ।

स्थानीय उद्योगी व्यवसायी, पेशाकर्मी, समाजसेवी, राजनीतिकर्मीहरुको भेटने क्रम बढेको छ । तत्काल थुनामुक्त नगरिए जनकपुरधाममा सशक्त प्रदर्शन गर्ने तयारी कांग्रेस, जसपा नेपाल लगायतका युवाहरुले गर्न थालेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी भुवनेश्वर तिवारीले भेटघाटको निर्धारित समयमा विभिन्न क्षेत्रका व्यक्तिहरु आएको जनाएका छन् ।




# सौन्दर्यकरणका लागि एकपछि अर्को संरचना



टुडे समाचारदाता

राजविराज । राजविराजको मुटुमै रहेको भगवती मन्दिरको संरक्षण र सौन्दर्यकरणका लागि एकपछि अर्को संरचना निर्माण हुँदैछ । यसैक्रममा मन्दिरमा भव्य प्रवेशद्वार निर्माण हुने भएको छ ।

मधेश प्रदेश सरकारको सहयोगमा निर्माण हुने प्रवेशद्वारको बिहीबार प्रदेश सांसद किरण कुमारी साहले शिलान्यास गरेकी छन् ।

विभिन्न मन्दिरहरु निकट उक्त भगवती मन्दिरमा २० लाखको लागतमा आधुनिक शैलीको भव्य र नमुना प्रवेशद्वार निर्माण हुन लागेको सो अवसरमा प्रदेश सांसद साहले बताइन् ।

यसअघि सांसद साहले आफ्नो संसदीय विकास कोषबाट उक्त मन्दिरको पूर्वपट्टीको प्रवेशद्वार तथा मन्दिर परिसरमा रहेको धार्मिक महत्वको पोखरीमा आवश्यक सरसफाई गराई छठघाट निर्माण कार्य सुरु गराएकी थिइन् । उक्त मन्दिर परिसरमा छठघाट र प्रवेशद्वारहरुको निर्माण कार्य पूर्ण रुपमा सम्पन्न भएपछि राजविराज नगरपालिकाको मुख्य बस्तीका हजारौं जनता लाभान्वित हुने विश्वास गरिएको छ ।

समाजसेवाका साथै धार्मिक गतिविधिमा बढी चासो राख्ने प्रदेश सांसद साहले आगामी आर्थिक वर्षहरुमा उपलब्ध हुने थप बजेटलाई क्रमशः बाटोघाटो, विद्यालय, मठमन्दिर तथा सचेतनाका विभिन्न कार्यमा लगानी गर्ने बताइन् ।

बिहीबारदेखि नै सुरु भएको निर्माण कार्यलाई डेढ महिना भित्रै पूर्णरुपमा सकिने योजना रहेको भगवती मन्दिर निर्माण उपभोक्ता समितिका अध्यक्ष ईश्वरप्रसाद साहले बताए । शिलान्यास कार्यक्रममा वडा अध्यक्ष सुभाषचन्द्र यादव, वडा सदस्य रामानन्द देव, ललिता कर्ण, समाजसेवी जगन्नाथ मुन्धडा लगायत स्थानीयको उल्लेख्य उपस्थिति थियो ।

# बुद्ध महाकाव्यको लोकार्पण समारोह सम्पन्न

**टुडे समाचारदाता**

गौर । बज्जिका भाषामा लेखिएको बुद्ध महाकाव्य बिहीबार गौर नगरपालिकाको सभाहलमा एक कार्यक्रमका बीच लोकार्पण गरिएको छ ।

बुद्ध पूर्णिमाको अवसरमा सञ्जय साह 'मित्र'द्वारा लिखित बज्जिका भाषाको बुद्ध महाकाब्य लाई एक समारोहका बीच लोकार्पण गरिएको छ ।

गौतम बुद्धको २५६८औं जन्म जयन्तीको अवसरमा आकृति क्रियसन हेटौडा मकवानपुरको अयोजना र बज्जिका साहित्य संगम, गरुडा ४ रौतहटको दिगोपनको लागि आफूबाट हुने सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए ।

भगवान बुद्ध प्रति समर्पित भएर महाकाब्य लेख्नु भएका सञ्जय साह मित्रले यस्तो काब्य रचना गर्ने कल्पना समेत गरेको थिएन तर आफनो धर्म संस्कृतिलाई बज्जिका भाषामा लेखन गर्न सोचका साथ लागेर आज बुद्ध पूर्णीमाको अवसरमा लोकार्पण गराउन पाएकोमा खुशी व्यक्त गरे ।

राम अविकासको सभापतित्वमा सम्पन्न भएको लोकार्पण समारोहमा विशिष्ट



व्यवस्थापनमा बिहीबार मित्रद्वारा लिखित बज्जिका भाषाको पहिलो बुद्ध महाकाब्यलाई गौर नगरप्रमुख शम्भु साहले लोकार्पण गरेका छन् ।

बज्जिका भाषामा रचित पहिलो बुद्ध महाकाब्यलाई लोकार्पण गर्न पाउदा निकै खुशी लागेको बताउदै नगरप्रमुख साहले भाषा एकअर्का संग सजिलै बुझ्ने एवं बोलिने भाषा हो, यो भाषा खास गरेर रौतहट वारा, सर्लाही र सीमापारी भारतको विहारको दक्षिणी भेगसम्म बोलिने प्रमुख भाषा बज्जिका रहेको चर्चा गर्दै बज्जिका भाषाको उत्थान एवं

अतिथि पूर्व सिडिओ कमलेश्वर सिन्हा, शिवचन्द्र साह, हरिवहादुर जिसी, धनदेव जोशी, राजेन्द्र ठाकुर, संजय सुदामा, चन्द्रशेखर प्रसाद रस्तोगी, संचारकर्मी वरिष्ठ पत्रकार प्रभातकुमार झा सहितका वक्ताहरुले आ आफना साहित्य, कविता प्रस्तुत गदै बज्जिका भाषाको बुद्ध महाकाव्यको रचैता संजय साह मित्रलाई धन्यवाद दिएका थिए ।

सो लोकार्पण कार्यक्रममा रौतहट, सर्लाही, वारा, पर्साका बज्जिका भाषाका साहित्यकार, गीतकार, पत्रकार, गजलकार हरुको उपस्थिति रहेको थियो ।

# स्वदेशबाद् पुनःस्थापनाका लागि आन्दोलन

**टुडे समाचारदाता**

राजविराज । राष्ट्रिय मुक्ति क्रान्तिका अभियान्ताहरुले पूर्वीय सभ्यतामा आधारित रहेको स्वदेशीय दर्शनमार्फत स्वदेशवादको पुनःस्थापनाका लागि आफूहरुको आन्दोलन र अभियान अघि बढाएको बताएका छन् ।

बिहीबार राष्ट्रिय मुक्ति क्रान्तिको मधेश ब्युरो तथा जिल्ला कार्य समिति सप्तरीले संयुक्त रुपमा राजविराजमा आयोजना गरेको "बहुल राष्ट्रिय राज्य नेपाल स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्ति सम्वादात्मक" कार्यक्रममा अभियान्ताहरुले यस्तो बताएका छन् ।

कार्यक्रममा बोल्दै अभियन्ता केशव झाले यहाँ लोकतन्त्र, गणतन्त्र, मानवअधिकार, विकास र समाजवादको बहस सम्भ्रान्तिय झुठ, फरेब र जनता झुक्याउने काम मात्र भएको भन्दै अब पूर्वीय सभ्यतामा आधारित स्वदेशीय दर्शनमार्फत स्वदेशवादको पुनःस्थापना जरुरी भएको बताए ।

"पश्चिमा ज्ञान सत्तामा आधारित विकासरुपी बायुपंखी घोडामाथि सवार हुँदै विश्वभर शासकहरुले करोडौं मानिसको मात्र होइन् भाषा, मानवको पहिचान, जीवजन्तु, बनस्पति, सम्पदा, नदी, पोखरी, ताल, हिमाल, पहाड लगायतका सम्पदा समेत विनाश गर्दै लगेका छन्" अभियान्ता झाले भने त्यसैको फलस्वरुप आज पृथ्वी बचाऊ भन्ने नारा लगाउन विश्व नै बाध्य भएको छ ।" अर्का



अभियन्ता रामनरेश राय यादवले यस्तो विशाल विध्वंशकारी कार्यको नेपाली संस्करणको नेतृत्व राजामहाराजा र त्यसपश्चात् कांग्रेस र कम्युनिष्टले गरेको भन्दै उनीहरुकै कारण हाम्रो सभ्यता र संस्कृतिलाई असभ्य भन्न थालिएको बताए ।

अभियन्ता राजीव झाले विगतमा सत्ता सम्हाल्दै आएकाहरुले पश्चिमा/विदेशमुखी बनाएर स्वदेशी बहुल ज्ञान-दर्शन, कला, साहित्य र बहुल समाज व्यवस्थालाई निषेध गराएको आरोप लगाउँदै अब स्वदेशीय दर्शन मार्फत स्वदेशवादको पुनःस्थापना गरेरै छाड्ने उद्घोष गरे ।

अभियन्ता अनिल महासेठले विभिन्न जाति समुदाय रहेको मुलुकमा दक्षिणपन्थी सोच राखेका शासकहरुले सबैको सभ्यता समाप्त पारेको भन्दै पुनःजागरणका लागि यो अभियानको थालनी भएको बताए । उनले हरेक कुरा विदेशीहरुले चलाए झैं अगाडि बढाउँदा आफ्नो मौलिकता र पूर्खाहरुले सिकाएको ज्ञान र संस्कार लोप हुँदै गएको बताए । आफ्नो पहिचान र सभ्यतालाई जोगाउन आफै अग्रसर हुनुको विकल्प नभएको जिकिर गर्दै उनले यस अभियानमा आमजनसमुदायलाई सहभागी हुन आग्रह समेत गरे ।

कार्यक्रममा अभियान्ता कौशल सिंह, रामजी यादव, पूर्वमन्त्री उमेश प्रसाद यादव, संविधानसभा सदस्य महेश प्रसाद यादव, पत्रकार महासंघ सप्तरीका पूर्वसभापति विष्णु मण्डल, शिक्षाविद् डा. हेम मिश्रा, प्रो. रामनारायण यादव, नागरिक अगुवा बलराम यादव, कानुन व्यवसायी सन्तोष चौधरी लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए ।

स्थानीय साह धर्मशालामा राष्ट्रिय मुक्ति क्रान्तिका अभियन्ता दीपेन्द्र चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा समाजका अगुवा, बुद्धिजीवि, प्राध्यापक, अधिवक्ता, सञ्चारकर्मी, इन्जिनियर, डाक्टर, शिक्षक लगायतका प्रबुद्ध वर्गसँग तीन घण्टा लामो अन्तरक्रिया गरी आवश्यक सुझाव समेत संकलन गरिएको थियो ।

# क्रसरमा युवकको शव फेला

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको एक क्रसरमा एक युवकको शव फेला परेको छ । जिल्लाको गणेशमान चारनाथ नगरपालिका-६ स्थित सञ्चालित कमला स्टोन क्रसरमा युवकको शव ढुंगा फोड्ने मेसिनको फित्तामा बेरिएको अवस्थामा भटिएको छ । गणेशमान चारनाथ नगरपालिका - ६ स्थित गोदारका २० वर्षीय अर्जुन यादवको शव फेला परेको धनुषाका प्रहरी प्रवक्ता तथा प्रहरी उपरीक्षक रञ्जन अवाले जानकारी दिए ।

मजदुरका रुपमा काम गर्ने यादवको राति ढुंगा फोड्ने मेसिनको फित्तामा बेरिएर टाउको च्यापिएको अवस्थामा शव फेला परेको छ । सोही क्रसरमा काम गर्ने बाराको निजगढ का ४५ वर्षीय खेमकुमार मगर भने घाइते भएको उनले बताए ।

मृतकका मामा खुसीलाल यादवले क्रसरमा हत्या गरेर रहस्यमयी ढंगले घटना घटाएको हुन सक्ने शंका गरेका छन् । यता घटना भएपछि क्रसर संचालक फरार भएको छ ।

# प्रचण्ड नेतृत्वको सरकार ढाल्ने षड्यन्त्र : पोखेल



**टुडे समाचारदाता**

मलंगवा । नेकपा माओवादी केन्द्र मधेश प्रदेशका इन्चार्ज लिलामणि पोखेलले कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढाल्ने षड्यन्त्रमा लागेको बताएका छन् ।

नेपाली कांग्रेसले गृहमन्त्री रवि लामिछानेलाई प्रधानमन्त्री बनाइदिनेछु भनेर आफ्नो पक्षमा ल्याउन चाहेको भन्दै माओवादीको मधेश प्रदेश इन्चार्ज पोखेलले गृहमन्त्री लामिछानले कांग्रेसको कुरा नमानेपछि कांग्रेस अहिले प्रचण्ड नेतृत्वको सरकार ढाल्ने खेलमा रहेको बताए ।

उनले राष्ट्रिय स्वतन्त्र पार्टी सरकारबाट बाहिरिएमा सरकार ढल्ने भन्ने कुरा कांग्रेसलाई थाहा रहेकोले सो खेलमा कांग्रेस लागिपरेको बताए ।

एकीकृत अखिल नेपाल शिक्षक संगठन सर्लाहीले नवआगन्तुक दुई सयभन्दा बढी शिक्षक कर्मचारीहरूलाई गम्छा र टीका लगाएर स्वागत र सम्मानसमेत गरेको थियो । एकीकृत अखिल नेपाल शिक्षक संगठनका जिल्ला अध्यक्ष बिश्वनाथ यादवको अध्यक्षतामा भएको सो कार्यक्रममा पूर्वमन्त्री रामेश्वर राय यादव, बरहथवा नगरपालिकाका पूर्वमेयर देवाननद महतो शिक्षक संगठनका प्रदेश अध्यक्ष भुपनारायण अधिकारी तथा एकीकृत अखिल नेपाल शिक्षक संगठनका सल्लाहकार समितिका उपसंयोजक रामेश्वर प्रसाद यादव लगायतका व्यक्तिहरूको कार्यक्रम उपस्थिति रहेको थियो ।

# भारततर्फ आकर्षित हुँदै जनकपुरधामका विद्यार्थी

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष जनकपुरधामबाट दर्जनौको संख्यामा विद्यार्थीहरु भारतमा अध्ययनका लागि जाने गरेका छन् ।

जनकपुरधाममा बिहीबार कृष्णा फाउन्डेसनले पत्रकार सम्मेलनको आयोजना गर्दै भर्ना अभियान २०२४ अन्तर्गत शैक्षिक मेलामा एक सय ५० जना विद्यार्थी भारतको विभिन्न प्रान्तका कलेजमा अध्ययनका लागि गएको जनाएको छ ।

कृष्ण फाउन्डेसन जनकपुरका निर्देशक सुजित कर्णले भारतको आन्ध्र प्रदेश, चेन्नई, बेंग्लुरु, कर्नाटका, भेलोर, दिल्लीलगायतका सरकारी विश्वविद्यालय तथा निजी कलेजहरुमा अध्ययनका लागि जनकपुरधामबाट अहिलेसम्म १५० जना गइसकेको छ भने अझै जाने क्रम जारी रहेको बताए ।



जनकपुरधाममा आयोजित शैक्षिक मेलामा भारतको आधा दर्जनभन्दा बढी विश्वविद्यालय र कलेजका प्रतिनिधिहरुसमेतको उपस्थितिमा फाउन्डेसनको तर्फबाट सयौँविद्यार्थीहरुलाईकोर्षकाउन्सेलिंग, छात्रवृत्ति अवसर र मेलामा तत्कालै भर्ना गर्ने अभियानमा १५० जना विद्यार्थीहरुले नामांकन गराएको उनले बताए ।

शैक्षिक मेलामा विद्यार्थी विशेषगरी चिकित्सकीय अध्ययन, इन्जिनियरिंग अध्ययन, कानुनी अध्ययनलगायत विभिन्न विषयगत अध्ययनप्रति विद्यार्थीहरुले रुचि राख्ने गरेको फाउन्डेसनका प्रतिनिधि द्रबेश झाले बताए ।

प्रतिनिधि झाले नेपाली विद्यार्थीहरुलाई भारतमा शैक्षिक अध्ययनका लागि विशेष शुल्क छुटको व्यवस्थासमेत रहेको बताए ।

## तपाईको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# महाधिवेशन प्रतिनिधिमा अध्यक्ष यादव निर्वाचित



**टुडे समाचारदाता**

विराटनगर । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव केन्द्रीय महाधिवेशनको प्रतिनिधि पदमा निर्विरोध निर्वाचित भएका छन् ।

कोशी प्रदेशको मोरंग जिल्ला प्रतिनिधिसभा क्षेत्र नम्बर ५ प्रदेश क्षेत्र ख को विराटनगर महानगरपालिका- १४ बाट संगठित सदस्यता लिएका अध्यक्ष यादव निर्विरोध निर्वाचित भएका छन् ।

जसपा नेपालको प्रथम राष्ट्रिय एकता महाधिवेशन जनकपुरधाममा हुन लागेको छ । सो महाधिवेशन प्रतिनिधिका लागि उनी चयन भएका छन् ।

सो महाधिवेशन यही जेठ २८, २९ र ३० गते जनकपुरधाममा हुनेछ ।

# गोरखाकी फुञ्जो लामाको नाममा छिटो सगरमाथा आरोहणको कीर्तिमान

काठमाण्डु । नेपाली महिला आरोही फुञ्जो झङ्मु लामाले १५ घण्टाभन्दा कम समयमै विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरेर कीर्तिमान कायम गर्नुभएको छ । वसन्त ऋतुको जारी सगरमाथा आरोहणमा गोरखाकी फुञ्जोले विहिबार बिहान ६:२३ बजे सगरमाथाको चुचुरोमा पुगेर सगरमाथाको सबैभन्दा छिटो महिला आरोहीको कीर्तिमान बनाउनुभएको हो ।

सगरमाथा आधारशिविरस्थित पर्यटन विभागको अस्थायी फिल्ड कार्यालयका प्रमुख खिमलाल गौतमका अनुसार बुधबार दिउँसो ३.५२ मा आधार शिविरबाट आरोहण सुरू गरी विहिबार बिहान ६:२३ बजे आरोही फुञ्जोले सगरमाथाको चुचुरोमा पाइला टेक्नुभएको थियो । उहाँले १४ घण्टा ३१ मिनेटमा सगरमाथा आरोहण गरी कीर्तिमान कायम गर्नुभएको जनाइएको छ ।

यसअघि सन् २०१८ मा फुञ्जोले ३९ घण्टा ६ मिनेटमा सगरमाथाको शिखरमा पुगेर रेकर्ड बनाउनुभएको थियो । पछि सन् २०२१ मा हङकङकी स्याङ यिन हङले २५ घण्टा ५० मिनेटमा सगरमाथा आरोहण गरेर बनाएको कस्सतमान फुञ्जोले तोड्नुभएको हो । यसअघि दोलखाका पेम्बादोर्जे शेर्पाले आठघण्टा १० मिनेटमा सगरमाथा आरोहण गरेर सबैभन्दा छिटो सगरमाथा आरोहण गर्ने पुरुषको रूपमा गिनिजबुकमा रेकर्ड कायम गर्नुभएको थियो ।

विसं २०४३ मा गोरखाको छेकाम्बर बुर्जी गाउँ (चुम भ्याली) मा सामान्य परिवारमा जन्मेकी फुञ्जोको सानै उमेरदेखि हिमाल आरोहणमा रुचि थियो । अमेरिकाको ‘डेनाली’ हिमाल आरोहण गरेर आरोहण यात्रा प्रारम्भ गरेकी फुञ्जोले चोयु, अमाडब्लम, लापुछे, मनास्लुजस्ता हिमाल चढिसक्नु भएको छ । उहाँले फ्रान्सको ‘ मोमलङ’ हिमाल पनि आरोहण गरिसक्नुभएको छ । सगरमाथा आरोही सङ्घका महासचिव नेपाल पर्वतारोहण सङ्घका सचिव शिवबहादुर सापकोटाका अनुसार आरोही फुञ्जोले २४ घण्टा २४ मिनेटमा सगरमाथाको आधारशिविरबाट चुचुरोसम्म र सगरमाथाको चुचुरोबाट आधार शिविरसम्म आरोहण सकेर नयाँ कीर्तिमान बनाउनुभएको छ ।

उहाँले नेपाली चेलीको साहसिक कार्यले संसारभर नेपालको साहसिक पर्यटन प्रवर्द्धमा सन्देश दिनुका साथै विश्वशान्ति, जलवायु परिवर्तन, पर्यटन प्रवर्द्धमा लाग्ने आरोहीको प्रोत्साहनमा पनि भूमिका खेलेको बताउनुभयो ।

फुञ्जोले हिमाल आरोहणका क्रममा दुर्घटनामा परेकालाई हेलिकप्टरमा झुण्डिएर उद्धार गर्ने काम गर्दै आउनुभएको छ । उहाँले सोलुखुम्बुको खुम्बु क्षेत्र र गोरखाको मनास्लु क्षेत्रमा हेलिकप्टरमा झुण्डिएर हिमालको चुचुरा, खोच, ग्ल्यासिएरसम्म पुगेर उद्धार कार्य गर्दै आउनुभएको छ । पहिलो नेपाली महिला हेलिकप्टर लामोलाइन उद्धारकर्ता फुञ्जो यसअघि नै तेन्जिङ-हिलारी पुरस्कारबाट सम्मानित भइसक्नुभएको छ ।रासस

# कार्यदलको बैठक निष्कर्षविहीन



**टुडे समाचारदाता**

काठमाण्डु । सहकारी छानबिन गर्न गठित कार्यदलको बसेको बैठक निष्कर्षविहीन बनेको छ । विहिबार सिंहदरबारस्थित कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा बसेको बैठकमा संसदीय छानबिन समितिको कार्यदेशका बारेमा छलफल भएको नेकपा(एमाले) को संसदी दलका प्रमुख सचेतक महेश बर्तौलाले जानकारी दिएका छन् ।

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको नाम किटान गरेरै अनुसन्धान गर्नुपर्ने अडानका कारण बैठक निष्कर्षविहीन भएको उनको भनाइ छ । उनका अनुसार उक्त कार्यदलको बैठक शुक्रबार बिहान फेरि बस्ने तय भएको हो । “बैठक निष्कर्षविहीन भयो”, उहाँले भन्नुभयो, “सहमति जुटन नसकेपछि निष्कर्षविहीन भएको हो । विहिबारको बैठकबाट करिब करिब ठ्याकै टुङ्गो चाही भोलि बिहान ८.३० बजे लगाउने गरी समितिको केही कार्यदेश विषयमा नजिक पुग्यौं । ”

नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले बैठकमा सरकारपक्षबाट राखिएको मौखिक प्रस्तावमा नाम नराखी छानबिनको दायरा अघि बढाउनसक्ने आशय आफूहरुलाई स्वीकार्य नभएको बताए । “विपक्षी दलले उपप्रधान एवं गृहमन्त्री लामिछाने । छानबिन सम्बन्धित व्यक्तिकै बारेमा छानबिन नगरिकन कांग्रेसले कार्यादलमा सहमति गर्ने अवस्था छैन”, उनले भने, “हामीले स्पष्ट रुपमा भनेका छौं, यसकाबारे छानबिन समिति बनाउनुपर्छ भनेर उठाएका हौं, जबसम्म त्यहाँ पुग्दैन हामी मान्दैनौं भनेर भनेका छौं । स्पष्ट रुपमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने स्वतः अपचलनमा सहभागी हुनुहुन्छ । विहिबारको बैठकमा सरकारपक्षलाई यही कुरा राखेको छु ।”

प्रतिनिधिसभाको बैठक शुक्रबार बिहान ११ बजे बस्ने तय भएको छ । सभाको बैठक अघि कार्यादलले सहमति जुटाउन बैठक बस्ने जनाएको छ । उक्त कार्यादलमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरी, प्रमुख सचेतक बर्तौला, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता शिशिर खनाल, कांग्रेसका नेता ज्ञानेन्द्रबहादुर कार्की र नेता परियार छन् ।

# जनताको मन जित्ने गरी एकताका साथ अघि बढ्न अध्यक्ष ओलीको निर्देशन



दमक । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जनताको मन जित्ने गरी एकताका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभएको छ ।

आफ्नो निर्वाचन क्षेत्र झापा-५ अन्तर्गतको एमाले दमकको दोस्रो नगर अधिवेशनको उद्धाटन गर्दै उहाँले पार्टीभित्रको द्वन्द्वका कारण दमक नगरपालिकामा एमालेले नेतृत्व गुमाउन पुगेको बताउनुभयो । उहाँले एमालेलाई अब दमकमा हार्ने छुट नभएको समेत बताउनुभयो । “एमाले यो ठाउँमा अब पराजित हुनुहुन्न, हरेक कार्यकर्ता जनताका बीचमा जानसक्नुपर्छ”, उहाँले भन्नुभयो ।

देशको विकासमा एमालेका हरेक कार्यकर्तामा महत्त्वपूर्ण जिम्मेवारी आएको बताउँदै उहाँले भन्नुभयो, “देशलाई समृद्धि बनाउन हामी एकताका साथ अघि बढ्नुको विकल्प छैन ।” देशमा एमालेको अगुवाइमा विकासको सुरुआत भएको बताउँदै उहाँले अब पनि देशमा एमालेको एकलौटी सरकार जनताले खोजेका र त्यसका लागि सबै कार्यकर्ता सङ्गठन निर्माणसँगै जनताको घरघरसम्म जानुपर्नेमा जोड दिनुभयो ।

दमकमा पार्टी नेतृत्व सहमतिका साथ चयन गर्न सुझाव दिँदै नभए स्वस्थ निर्वाचनमार्फत पार्टीले जित्ने गरी नेतृत्व चुन्न उहाँको सुझाव थियो । पार्टी दमक नगर कमिटी अध्यक्ष गेहनाथ पोखेलको अध्यक्षतामा भएको नगर अधिवेशन उद्धाटनमा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्की, पार्टीका पोलिटब्यूरो सदस्य तथा झापा इन्चार्ज विशाल भट्टराईलगायतका नेता, कार्यकर्ताको उपस्थिति थियो । शुक्रबारसम्म चल्ने अधिवेशनले पार्टीको नगर नेतृत्व चयन गर्ने जनाइएको छ ।रासस

# देशभरका गोरखनाथ मन्दिरमा पूजा, आराधनासहित रोट अर्पण

काठमाण्डु । गुरु गोरखनाथ उत्पत्ति दिवसका अवसरमा विहिबार पशुपतिनाथलगायत देशभरका गोरखनाथ मन्दिरमा रोट अर्पण गरिएको छ । रोट गुरु गोरखनाथको प्रिय वस्तु भएकाले उहाँको उत्पत्ति दिवसका अवसरमा रोट अर्पण गर्ने गरिन्छ । गुरु गोरखनाथको पहिलो प्रकटस्थलको सौभाग्य पाएकाले नै नेपाल अक्षुण्ण र स्वतन्त्र रहेको विश्वास गरिन्छ ।

नेपालका शक्तिशाली छिमेकी राष्ट्र पराधीन हुँदासमेत नेपाल सदा नै स्वाधीन रहनुको आध्यात्मिक कारण यही रहेको विश्वास गरिन्छ ।

प्राचीन कालमा नेपालीले गुरु गोरखनाथ र माता गोरखकालीको पुकार गरेर ठूला ठूला युद्ध जितेका र विश्वभरि नै वीर गोर्खालीको नामले प्रशंशित भएका उदाहरण पनि इतिहासका पानामा भेटिन्छन् । महायोगी गुरु गोरखनाथ समयको कालखण्डभन्दा माथि, नाथहरूका महानाथ, देश, काल, स्थानभन्दा धेरै माथिका अद्वितीय महापुरूष हुनुहुन्छ । श्री गुरु गोरक्ष अनादि, अजर अमर मानिनुहुन्छ । गुरु गोरखनाथले ब्रह्माजीलाइ समेत सृष्टि गर्न सघाउनुभएको धार्मिक विश्वास छ ।

गुरु गोरखनाथ सृष्टिभन्दा पनि पहिले विराजमान हुनुहुन्थ्यो भन्ने मान्यता छ । हालसम्म पनि नेपालको मुद्रामा गुरु गोरखनाथको नाम तथा पादुका अंकित भएको पाइन्छ । नेपालीका गर्वका प्रतिमूर्ति महायोगी गुरु गोरखनाथकै कृपा आशीर्वादले नेपाली सेनाले बन्दुक र गोलावारीका बावजुद जय गोरख शब्द्सँगै शत्रुलाई खुकुरीले परास्त गर्न सक्षम भए । महायोगी गुरु गोरखनाथ शिव नै हुनुभएकोले शिव गोरक्षको रूपमा आदरका साथ श्रद्धा भक्ति र विश्वासको केन्द्र मानी पूजा आराधना गरिन्छ ।

गोरखनाथ चारै युगमा सशरीर हुनुहुन्छ । अनेक महात्मा योगी राजा आदिलाई समय समयमा मार्गदर्शन गरेका कुरा हामीले पढ्ने पनि गरेका छौं । यस्ता महायोगीको बारेमा जान्नु र अरूलाई सुनाउनु सक्नु नै हाम्रो महानता हुनेछ । जय गोरख । जय गुरुदेव । अलख निरञ्जन । गोरखनाथ र रोट गोरखनाथलाई प्रत्येक दिन, हप्ता, महिना र प्रत्येक वर्षको गोरक्ष पूर्णिमा वा वैशाख शुक्ल पूर्णिमाका दिनमा सवालाख रोट अर्पण गरिन्छ । सवा सत्त्या गुरु गोरखनाथलाई मन पर्ने हुनाले नै सवालाख रोट चढाइन्छ । रोट महाप्रसाद हो । सद्गुगुरुदेवको चरणकमलमा अर्पित रोट खान पाउनु मानवजीवनको उच्च सौभाग्य मानिन्छ ।

महाप्रसाद रोट ग्रहण गर्नाले हुने शारीरिक, मानसिक र आध्यात्मिक फाइदा वर्णनातीत छन् । ३२ थरी मसला र जडीबुटी मिसाएर बनाइने हुनाले पनि रोटको विशेष महत्व हुन्छ । काजु, किसमिस, छोकरा, नरिवल, ल्वाङ्, सुकुमेल आदि फलादि गुणले युक्त छन् । यी वस्तुलाइ विभिन्न आयुर्वेदिक खुराकमा पनि मिसाइएको पाइन्छ । जडिबुटी लगायतको मिश्रणबाट शुद्ध घ्यूमा तयार हुने रोटको विशेषतालाई शब्दमा भने कैद गर्न सकिन्न । सेवन गरेर नै यसको महत्वलाई आँक्न सकिन्छ ।

काठमाडौँमा गुरु गोरखनाथको प्रसिद्ध मन्दिर पशुपति परिसरको मृगस्थलीमा रहेको छ ।

गुरु गोरखनाथलाई हठ योगका प्रवर्तक मानिन्छ । साथै नाथ पन्थको सुरुवात पनि उहाँ बाटनै भएको मानिन्छ । यस पन्थबाट अघोर पथ जस्ता पन्थ निस्केका छन् । नाथपन्थी साधु नेपालमा प्रशस्त छन् । काठमाडौँ महानगरपालिका वडा नं. ११ थापाथलीस्थित गुरु गोरखनाथ मन्दिर क्षेत्रमा पनि आज पूजा आराधनाका साथै रोट अर्पण पनि गरिएको छ । यसैगरी हाँडीगाउँस्थित गोरखनाथ पीठमा पनि पूजा, आराधनासहित रोट अर्पण गरिएको जनाइएको छ ।रासस

# बुद्धधर्मको महत्व विश्वभर छः परराष्ट्रमन्त्री श्रेष्ठ

लुम्बिनी । उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले बुद्ध धर्मको प्रचारप्रसार गर्न सके विश्वमा बढ्दो द्वन्द्व र हिंसालाई न्यूनीकरण गर्न सहयोगी हुने धारणा राख्नुभएको छ । २५६८औं बुद्धजयन्ती एवं लुम्बिनी दिवसका अवसरमा विहिबार आयोजित विशेष समारोहमा उहाँले लुम्बिनीको विकासका लागि अन्तर्राष्ट्रियस्तरमा सरकारले पहल गरिरहेको बताउनुभएको छ ।

कार्यक्रमका सभापति एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले बृहत्तर लुम्बिनीको गुरुयोजना शीघ्र सफल बनाउने बताउँदै अन्तर्राष्ट्रियस्तरको लगानी सम्मेलन सञ्चालन गर्ने कुरामा जोड दिनुभयो ।लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री जोखबहादुर महराले विश्वकै बौद्ध धर्मावलम्बीको एक पवित्र ठाउँ, एसियाका ज्योतिका रूपमा परिचित विश्वशान्तिका अग्रदूत गौतमबुद्धको जन्मभूमि लुम्बिनी क्षेत्र हुनु प्रदेशका लागि ठूलो गौरवको विषय भएको बताउनुभयो । उहाँले धार्मिक पर्यटनको माध्यमबाट यस क्षेत्रमा मात्रै आयआर्जन बढाउन सकिने धारणा राख्नुभयो ।

नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले बुद्धजन्मस्थल लुम्बिनी बौद्ध धर्मालम्बीका लागि मात्र नभएर सारा मानवजातिको लागि भएको बताउनुभयो । संयुक्त राष्ट्रसङ्घका स्थायी प्रतिनिधि हाना सिङ्गर ह्याम्डीले बुद्धजन्मस्थल लुम्बिनी बुद्धदर्शन फैलाउने उर्वर भूमिको रूपमा रहेको बताउँदै विश्व शान्तिको कामना गर्नुभयो ।रासस

# राजनीतिक प्रवृत्ति खराब भएपनि व्यवस्था खराब छैनः उपसभापति गुरुङ



मनहरी ।नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले राजनीतिक प्रवृत्ति खराब भएपनि व्यवस्था खराब नभएको बताउनुभएको छ । प्रजातान्त्रिक विचार समाज मकवानपुरले विहिबार हेटौँडामा आयोजना गरेको ‘प्रजातान्त्रिक दर्पण २०८१’ विमोचन तथा सम्मान कार्यक्रममा उहाँले नेपाली राजनीतिमा देखिएको खराब प्रवृत्तिलाई निरुत्साहन गर्न सके निराशालाई आशामा बदल्न सकिने धारणा राख्नुभयो ।

उपसभापति गुरुङले भ्रष्ट्राचारसँग जोडिएका कुनै पनि दलका नेताहरूलाई कानुनी दायरामा ल्याएर कारबाही गर्न कांग्रेस सधैँ तयार रहेको बताउनुभयो । “कांग्रेसले भष्ट्रचारीविरुद्ध आवाज उठाउँदै आएको छ । त्यसका सुरुआत हामी आफैँबाट गर्न आवश्यक छ”, उहाँले भन्नुभयो ।कार्यक्रममा कांग्रेस मकवानपुर सभापति बुद्ध लामाले प्रजातन्त्रलाई थप सुदृढ बनाउन प्रजातान्त्रिक विचार समाजजस्ता संस्थाहरुको महत्वपूर्ण भूमिका हुने धारणा व्यक्त गर्नुभयो ।

समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लेले लोकतन्त्र, सङ्घीय शासन व्यवस्था र जनताका समृद्धिका पक्षमा आवाज उठाई प्रजातान्त्रिक विचारलाई संस्थागत गर्दै लैजानुपर्ने बताउनुभयो ।समाजका पूर्वकेन्द्रीय अध्यक्ष डा केदारनरसिंह केसीले बौद्धिक व्यक्तित्व रहेको समाजले देशमा संकट छाएको बेला उल्लेख्य भूमिका खेल्दै आएको भन्दै त्यसलाई थप सशक्त बनाउँदै लैजानुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा समाजका बागमती प्रदेश अध्यक्ष भरत दवाडीले विधिको शासन जोगाउन विचार समाज स्थापना भएकाले सोहीअनुसार क्रियाशील हुनुपर्ने बताउनुभयो । समाजका अध्यक्ष डा. देवचन्द्र मानन्धरको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुरका पूर्वसभापति रघुरमण न्यौपाने, हेटौँडा उपमहानगरका पूर्वसभापति आनन्दराम पराजुलीलगायतले आफ्नो विचार राख्नुभएको थियो ।सोही अवसरमा प्रजातान्त्रिक सेनानी सम्मानबाट अशोक श्रेष्ठ, यादवराज पराजुली, परमेश्वर भ्लोन, हरिनन्द खरेल र स्वर्गीय ईश्वरचन्द्र अग्रवाललाई मरणोपरान्त सम्मान गरिएको थियो ।रासस

# जलवायुमा परिवर्तन न्यूनीकरणमा साझेदारीको आवश्यकता

काठमाण्डु । जलवायु परिवर्तन न्यूनीकरणका गतिविधि प्रभावकारी बनाउन विश्वव्यापी रुपमा साझेदारीको आवश्यकता रहेको वक्ताहरुले जोड दिनुभएको छ । बुधबारदेखि काठमाडौँमा सुरु भएको ‘हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद’को विहिबार दोस्रो दिनका सहभागीले सो कुरामा जोड दिनुभएको हो । पर्वतीय कार्ययोजनालाई अगाडि बढाउँदैः विश्वव्यापी सहयोग र क्षेत्रीय साझेदारी विषयक अन्तिम सत्रलाई सम्बोधन गर्दै मुख्य सचिव डा बैकुण्ठ अर्यालले अन्तर्राष्ट्रिय साझेदारी लागि साझा मञ्ज निर्माण गर्न आवश्यक रहेकोमा जोड दिनुभयो । उहाँले शून्य कार्बन उत्सर्जन रणनीतिको प्रभावकारी बनाउन नेपाल लागिरहेको जानकारी गराउनुभयो ।

जलवायु परिवर्तनको असर पर्वतीय क्षेत्रमा मात्रै समिति नभइ विश्वव्यापी समस्या भएको जनाउँदै समाधानका लागि सबैको साझा मुद्दा बन्नुपर्छ भन्नुभयो ।रासस


**श्री धर्म संस्था**

**रामस्वरुप साह, रामसागर साह**

**मिल्स एरिया, जनकपुर उपमहानगरपालिका–१**

**मधेश–प्रदेश, नेपाल**

## पदपूर्ती गर्ने सम्बन्धि सूचना

यस श्री धर्म संस्था (रामस्वरुप साह, रामसागर साह) मिल्स एरिया जनकपुरधाम-१ मा एक (०१) अमिन आवश्यक भएकोले यो सूचना प्रकाशित मितिले १० दिनभित्र तपसिलमा उल्लेखित शर्तहरु रहने गरी आवेदन पेश गर्नु हुन सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेकोवा म्याद नाघेर आएका दरखास्तहरु माथि कुनै कारवाही गरिने छैन ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | नियुक्ति किसिम |
|---|---|---|---|---|
| १ | १/ २०८०/८१ | अमिन | ०१ | करार |

**योग्यता**


१. नेपाल सरकारवाट मन्यता प्राप्त शिक्षण संस्थावाट अमिन (Survey) उतीर्ण हुनु पर्ने छ ।
२. उमेरको हकमा दरखास्त मितिसम्म ४५ वर्ष ननाघेको हुन पर्ने छ ।
३. नैतिक पतन नदेखिने, फौजदारी अभियोग अदालतवाट कसुरदार नठहरीएको हुनुपर्ने छ ।
४. अमिन सम्बन्धि कम्तीमा ३ वर्ष काम गरेको अनुभवीलाई विषेश ग्राहीयता दिइनेछ ।
५. कम्प्युटरमा Baic Course, MS–Excel, MS–Word र जग्गा सम्बन्धी सफ्टवेयर जानेको हुनुपर्ने छ ।
६. सामाजिक संस्थामा लागु हुने ऐन नियम जानकारी भएको व्यक्तिलाई विशेष प्राथमिकता दिइने छ ।
७. तलव सेवा सुविधा संस्थाको नियमाअनुसार उपलब्ध गराउने छ ।

**आवेदकले निवेदन संग पेश गर्नु पर्ने कागजातहरु :**

(क) नेपाली नागरीकता प्रमाण-पत्रको प्रतिलिपि थान-१
(ख) शैक्षिक योग्यताको प्रमाण-पत्र १/१ प्रति
(ग) चारीत्रिक प्रमाण-पत्रको प्रतिलिपि थान-१
(घ) अनुभव प्रमाण-पत्रको छायाँप्रति थान -१
(ङ) तीन प्रति पास्पोर्ट साइजको फोटो-३

**नोट** :- परीक्षा प्रणाली Short list भए पछि उमेदवारहरुलाई जानकारी गराउने छ ।

**सचिव**




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सकारात्मक प्रयास

वीरगञ्जमा जीर्ण रहेको कृषि औजार केन्द्रलाई राष्ट्रिय आविष्कार केन्द्रले मर्मत संभार गरी उत्पादनगर्ने अवस्थामा पुर्‍याएकोछ । नेपालमा किसानले कृषि मजदुरबाट नै काम लिइरहेको बेला स्थापित कृषि औजार कारखानाको आज अत्यधिक आवश्यकता छ । मानवबाट नै हुने कृषिकर्ममा मेसिनको प्रयोग कम हुँदा सरकारी स्वामित्वको कृषि औजार कारखाना घाटामा गएर बन्द भएको थियो । अहिले कृषिकर्मका लागि मजदुर पाइदैन् । खेत बाँझो हुन थालेकोछ । खेतिहर मजदुरको चरम अभाव रहेको कारण किसानहरु मेसिन, औजारमा आश्रित हुन थालेका छन् । हरेक वर्ष भारतबाट कृषियन्त्र र औजारहरुको आयात थपिदैछ । भारतबाट आयात गरिने औजारमा सरकारले केही सहुलियत पनि दिएकोछ । धान रोप्ने, गोडमेल गर्ने, काटेर दाइँ गर्ने लगायतको काममा मेसिनको प्रयोग भइरहेकोछ । गहुँ लगायत अन्य बालीहरु भित्र्याउन पनि मेसिनको प्रयोग भइरहेकोछ । कृषिमा प्रयोग हुने सबै उपकरणहरु भारत लगायत अन्य मुलुकहरुबाट आयात गरिन्छ । तर वीरगञ्जमा रहेको ठूलो कृषि औजार कारखाना बन्द भएर जीर्ण भइसकेको थियो । कृषि औजार बनाउन सरकार अहिले पनि उदासीन नै छ । राष्ट्रिय आविष्कार केन्द्रले जीर्ण भइसकेको कृषि औजार केन्द्रलाई पुनःजीवन दिएकोछ । औजार बनाउने अवस्थामा कारखानालाई ल्याइ सकिएकोछ । धेरै काम पर्ने साना औजारहरुको निर्माण गर्न थालेको राष्ट्रिय आविष्यकार केन्द्रले आवश्यकता अनुसारको उपकरणहरु निर्माणमा अब ध्यान दिनुपर्नेछ । धान, गहुँ लगायतका बाली चुट्ने मेसिनहरु बनाउनु पर्छ । आविष्कार केन्द्रले उत्पादन गर्ने औजारहरु भारतीय औजारहरु भन्दा सकभर उत्तम र किफायती होस् । किसानहरुलाई भारतीय औजारहरु खरिद गर्न भन्दा स्वदेशी औजार खरिद गर्न सहज होस् । कृषि उत्पादन बढाउन उन्नत बीउबिजन र आधुनिक औजार पनि चाहिन्छ । कृषि उपकरणको ठूलो बजार रहेको नेपालमा उत्पादन गर्ने कम्पनी छैन् । राष्ट्रिय आविष्कार केन्द्रले गरेको प्रयास सकारात्मक छ । त्यसमा सरकारले अनुदान र लगानी अत्यधिक बढाउनु पर्छ । नेपालले कृषि उत्पादन तत्कालै निर्यात गर्न नसके पनि आत्मनिर्भर हुन सक्ने प्रचुर संभावना छ । कृषिमा सिँचाई, मल, बीउ र यन्त्रको व्यवस्था भए नेपालले केही वर्षमै कृषि उत्पादन निर्यात गर्न सक्छ । केही दशक पूर्व सम्म नेपालमा धान चामल निर्यात कम्पनी नै थियो । तर अहिले हरेक अन्न आयात गर्नु परिरहेकोछ । ठूला उद्योगहरु पनि आवश्यक छ । तर नेपालमा रोजगारीका लागि कृषि सबै भन्दा उत्तम क्षेत्र हो ।

# प्राचिन ऐतिहासीक श्री हनुमानगढी हनुमान मन्दिर



प्रफुल्ल घिमिरे

मिथिला नगरी जनकपुर धाम हनुमान गढिमा अवस्थित श्री हनुमानजिको मन्दिरलाई प्राचीन एतिहासिक, पुरातात्ति्वक महत्व ओगटेको मन्दिर मानिने गरिएको छ। मिथिला भूमी जनकपुर धाममा रामजानकीजिको दर्शन गर्नु भन्दा पुर्व भक्तजनहरु यहाँको हनुमानजिलाई दर्शन गर्ने गर्दछन। भगवान श्रीरामका प्रिय भक्तको हनुमान गढिमा दर्शन गरेर भगवान श्रीरामजानकीजिको पूजा आराधना गर्दा राम प्रिया जानकीजी यथासिघ्र प्रशन्न भएर भक्तजनलाई मनोकाँक्षित फल प्रदान गर्दछिन भन्ने धार्मिक मान्यता रहिआएको छ।

श्रीराम आफ्नी प्राण प्रिया सीताको प्रकाट्य बैकुण्ठ धाम रुपि मिथिला भूमिमा सदाजसो रहि रहने भएकाले हनुमानजि पनि यहाँका हनुमान गढिमा सदा विराजमान रहने गर्दछन । मिथिला पुरिका भक्तजनमा सदा कृपा वर्षा गरि रहने यिनी थोरै भक्ति भावले प्रशन्न हुने गर्दछन। झन विधिपुर्वक, व्रत, उपासना गर्दा तथा हनुमान आराधना गरे गराएमा त भक्तजनको सारा संकट तट क्षणमा नै हर्दछन भन्ने धार्मिक मान्यता रहेको छ ।

जनश्रुतिका अनुसार माता सीता आफ्ना ईष्ट देवि श्रीगिरिजाको दर्शन गर्न दिनहुँ गिरिजा स्थान जाने गरेको हुँदा उनको दर्शन गर्न र उनले हिड्ने गरेको मार्गको रक्षाकालागी गिरिजा पथको पश्चिम छेउमा दक्षिण तर्फ फर्केर सदा विराजमान रहने गर्दछन भनेर हनुमान नगरका बुढा पाकाहरु सुनाउने गर्दछ्न।

प्राचीन मिथिलाको राजधानी रहेको मिथिला पुरी नेपालको मधेस प्रदेश राज्यको राजधानी बन्न पुगेको जनकपुर धाममा १८ औं शताब्दीमा पुनःप्रतिष्ठापित भएको यो एक प्रसिद्ध मन्दिर हो । व्यापक रुपमा अतिक्रमणको शिकारमा धराशायी हुँदै गैइरहेको जनकपुर धाममा अवस्थित यो मन्दिर बढो कठिनाइका साथ हाल सम्म आफ्नो अस्तित्व जोगाउदैं बाँच्न सफल रहेको छ। जनकपुर धामका महत्त्वपूर्ण प्रख्यात प्राचीन मठ मन्दिर हरुमा यो मन्दिर पनि पर्दछ।

जनकपुर धामलाई जनकको राजधानी , मिथिलाको राजधानी , मिथिला नगरी , सीता नगरी , मिथिला पुरी, बैकुण्ठ धाम, शक्ति पिठ, तान्त्रिक साधना स्थल , तपोभूमी लगायत अन्य कतिपय नाउँले सम्बोधन गर्ने गरिन्छ। हुन त केहि समय पुर्व सम्म तलाउ नै तलाउको शहर, मठै-मठ, मन्दिरै मन्दिरको शहरको नाउँबाट पनि सम्बोधन हुन थालेको थियो। खैर जे जसो नाउँले सम्बोधन भएता पनि यस पवित्र रमणीय, मनमोहक ,आनन्द दायक पवित्र स्वच्छ भूमिमा सदाजसो रमाइ रहने भगवान श्रीरामसीताजिका प्रिय भक्त हनुमानजि पनि भगवानका सेवामा तथा बैकुण्ठ धामको पार्यावाचि मिथिला पुरीको यस हनुमान गढिमा सदा विराजमान रहने गर्दछन । यिनको पनि प्रिय स्थान मिथिला पुरी नै बन्न पुगेको कथाहरु गाउलेहरुबाट सुन्न पाइन्छ ।

अयोध्यामा हनुमान गढी रहे झै मिथिलामा पनि यो हनुमान गढी रहेको छ।

श्री हनुमान गढी जानकी मन्दिरबाट लगभग तीन चार किलोमीटर दक्षिण तर्फ गिरिजा मार्गको पश्चिम तर्फ अवस्थित रहेको छ। जनकपुरधाम उपमहानगर पालिका वाड न.१२ हनुमान नगर गाउँमा श्री हनुमानगढीमा अवस्थित हनुमानजिको मन्दिर पौराणिक , पुरातात्ति्वक , धार्मिक, सांस्कृतिक महत्व ओगटेको सनातन धर्मावलम्बीहरुको धार्मिक आस्था र विस्वासको पवित्र तिर्थ स्थल हो। यो मन्दिरको पुनः प्रतिष्ठापित सिद्ध महात्मा प्रीतम दासले गरेका हुन । यस मन्दिरका सन्दर्भमा विभिन्न रोचक कठाहरु सुन्न पाईन्छ ।

परा पुर्वकालमा यो क्षेत्र बन जङ्गलले ढाकिएको थियो। हिंसक पशुहरुको वास स्थल थिए। उक्त समय रामानन्दी समुदायका सिद्ध महात्मा प्रीतम दास गोरखपुर मुरिया रामपुर मठमा भगवानका ध्यान पुजा पाठमा लिन रहने गर्थे । एक दिन ऊनी आफ्नो मुरियाका रामपुर मठबाट तिर्थाटनकालागी प्रस्थान गरे । तिर्थाटनका क्रममा गंगाजिमा स्नान गर्दा उनले गगां नदिमै हनुमानजिलाई स्पर्श गर्न पुगे । उनले सो समयमा त्यति ध्यान दिएनन । स्नान गरेर गंगाजि कै तटमा धुनी जगाएर बसेका यिनि पुजा पाठ ध्यानमा लिन रहेका बेला हनुमानजिले उनलाई दर्शन दिएर भने तिमिले जहाँ स्नान गरेका थियौं त्यसै स्थानमा मेरो स्वरुप छ। मलाई गंगाजिबाट उठाएर मिथिला पुरिमा लगेर प्रतिष्ठापित गर। नभन्दै उनले स्नान गरेका ठाउँमा गएर डुवल्की लगाएर हेर्दा बिशाल आदम कदका मुर्ति फेला पारे। निकालेर हेर्दा हनुमानजिको नै स्वरुप रहेछ। उक्त हनुमानजिलाई साथै लिएर तिर्थाटन गर्दै मिथिला नगरी जनकपुर धाम प्रस्थान गरे। आउँदा आउदै हनुमान गढीमा पुग्दा रात छिप्पिसकेको थियो। उनी अति नै थकित अवस्थामा पुगे । उनले आफुलाई थाकेर अत्यन्तै गलेको महशुस गरे । अगाडि हिड्ने आँट गर्न सकेन। कहिल्यै यस्तो महसुस नभएका महात्मा आश्चर्य चकित हुन पुगे । भगवानको कृपा ! भन्दै हनुमान गढिमा विश्राम लिन पुगे । आँखा झमक्क के पारेका थिए। पुनः उनलाई साक्षात्त हनुमानजिले दर्शन दिए अनि भने मलाई यसै स्थानमा प्रतिस्ठापित गरेर पुजा पाठ गर। ध्यान गर। चारै लोकका पुजनिय बन्दनिय मुक्ति दायिनी पवित्र तिर्थस्थलमा छौ। तिमी यस भुलोकमा रहुन्जेल सम्म माता जानकीजि नित्य गिरिजा स्थान जाने क्रममा तिमि दर्शन गर्न पाउने छौं । म सदा यस मार्गमा माता सिताको दर्शन गर्छु र मार्गको सुरक्षा गर्ने छु । मलाई भक्तिभावले दर्शन गर्ने भक्त जनहरुको मनोकामना सिद्ध हुने भन्दै अन्तर्ध्यान भए। हनुमानजिको उक्त भनाई अनुसार नै रामानन्दी समुदायका सिद्ध सन्यासी पृतम दासले हनुमान गढिमा मठ बनाएर यसै आश्रममा भगवानका ध्यानमा लिन भए। भनिन्छ जनकपुर धाममा पहिला आउने सिद्ध महात्माहरुमा चतुर्भुज गिरि र सुर किशोर दास पछि प्रीतम दास, रघुनाथ (औलिया), राम गिरि लगायत आदिलाई मान्ने गरिएको छ।

चतर्भुज गिरिले श्री राम मन्दिरको, सुर किशोर दासले श्री जानकी मन्दिरको र पृतम दासले हनुमान गढी हनुमान मन्दिरमा तथा अन्य महात्माहरुले उसै समयमा प्रतिमा प्रतिस्ठापित गरि पुजा अर्चना प्रारम्भ गरेको भनिन्छ ।

तर यस प्राचीन हनुमान मन्दिर स्थापनाको सन्दर्भमा



अन्य किवदंतिहरु पनि सुन्न पाईन्छ । अन्य कथाहरु बाबा तथा गाउलेहरु बढी रोचक ढंगले सुनाउने गर्दछन। हनुमान गढिमा रहने गरेका बाबा राजु दासले साक्षत हनुमानजिको दर्शन पाएको कुरा सुनाउदछन। उनले भने अनुसार - हनुमानजि यस गढिमा प्रायः जसो घुमिरहेका हुन्छन् । बेलाबखतमा आफ्ना प्रिय भक्तहरुलाई साक्षात्त दर्शन पनि दिने गर्छ्न । आफुले दर्शन पाएको सन्दर्भमा उनी भन्दछछ - म प्रायः जसो हनुमान गढि मन्दिरको पश्चिम तर्फ साधु सन्त रहने भवनको वरण्डामा सुत्ने गर्दछु । एकदिनको कुरा हो। म रात्रिको प्रसाद ग्रहण गरेर वरण्डामा सुतेको थिए। मलाई निद्रा लागिरहेको थिएन । रात छिप्पिसकेको थियो। मन्दिरको वरिपरि घुमिरहेका एकजनालाई देखे । हिडदा उसको खुट्टामा रहेका घुँघरुबाट ध्वनिहरु निस्किरहेका थिए। केहिबेर पछि मेरा समिपमा पुगे । म केहि नबोलेर हेरिरहे । उनले मेरो टाउकोमा हाथ राखेर सुम सुमाए । केही समय पश्चात् नै अन्तरध्याण भए। बाबा राजु दास आनन्दित मुद्रामा भन्छ्न - भगवानले कृपा गरेर मलाई बाल स्वरुपमा दर्शन दिए।

हनुमान गढिको सन्दर्भमा यी बाबा राजु दासले अर्को रोचक कथा पनि सुनाए।

त्रेता युग कै समयमा यस हनुमान गढिसंग हनुमानजिको गहिरो सम्बन्ध रहेको छ। भगवान श्रीराम आफ्नी प्राणप्रिया माता सीतालाई लिएर चौध वर्षको कठोर बनबास बस्दा भोग्नुपरेका अनेकौं विघ्नबाधालाई पार गरि अयोध्या फर्के पश्चात् राजा सिरध्वज जनकले आफ्ना छोरी ज्वाईंहरुलाई मिथिला पुरी आउन संवाद पठाएका थिए। अयोध्यामा केहिदिनका बसाइ पछि भगवान राम आफ्ना परिवारका साथ आफ्ना प्रिय भक्त हनुमानजि पनि उनको साथ मिथिला नगरिमा आए। राजा जनकले आफ्ना दर्वारका विभिन्न ठाउँमा अवस्थित महलहरुमा आएका सबैको बासको ब्यबस्था मिलाए। तर हनुमानजिलाई राजा जनकको कटहरको बगैंचा रहेको स्थान हनुमान गढिमा गरिएको थियो। अहिले पनि कटहरका गाछिहरु प्रशस्त मात्रामा रहेको छ।

गाउले देबचन यादव र राम चन्द्र मन्डलले सुनाए अनुसार :- श्री जानकीजिलाई निमको रुख मुनि फुसको कुटिमा प्रतिस्ठापित गरि महात्मा सुर किशोर दासले पुत्री भावले पुजा पाठ सेवा सत्कार गर्दथे। समय बित्दै जाँदा यहाँको महिमा चारैतर्फ फैलिन पुग्यो। संतान विहिन अवस्थामा रहेकी टिकमगढका महाराजा प्रताप सिंहकी पत्नी महारानी वृषभान कुँवरीको समीप पनि जनकपुर धाम मिथिला नगरीमा अव्यस्थित श्री जानकीजिको महिमा पुग्यो। एक दिन जानकीजिको दर्शन गर्न आउँदा टिकमगढका महारानी बृषभान कुँवरिले श्री जानकी मातसंग मागेको संतान प्राप्तिका मनोकाँक्षित फल प्राप्त गर्न पुगिन। संतान प्राप्तिका इच्छा पुर्ण भएकाले भाकल गरे अनुसार उनले श्रीजानकीजिको विशाल मन्दिर निर्माण गर्ने लगाइन। मन्दिर निर्माण पश्चात् हनुमानजिको मुर्ति प्रतिष्ठापित गर्न भारतबाट मगाउन लगाइयो। मुर्ति बोकेर भारतबाट आइरहेको बयल गाडा जनकपुर धामको हनुमान गढी आइपुग्दा आफ्से आफ आश्चर्यजनक ढंगबाट भाँच्चिन पुग्यो । भाँचिए पछि हनुमानजिलाई कयौं प्रयत्न गर्दा पनि उठाउन सकिएन । धेरै प्रयासका बाबजुद पनि हनुमानजिको पाषण स्वरुपका प्रतिम उठाउन नसक्दा सबैले हरेस खाए। कयौं दिनको प्रयत्नमा पनि उठाउन नसके पछि हनुमानजिले सपनामा दर्शन दिएर भने -"यस मार्गवाट प्रत्येक दिन माता किशोरीजि "बाग तडाग"एंव "गिरिजा स्थान" जाने भएकोले वहाँको दर्शन गर्न तथा यस गिरिजा पथको रक्षार्थ यसै मार्गमा यसै ठाउँमा मलाई स्थापित गरि पुजा पाठ गर्नु " । भगवान हनुमानजिको निर्देशानुसर नै उनलाई यहाँ बिराजमान गराएर पुजा पाठ प्रारम्भ भएको भन्ने लोक मान्यता रहिआएको छ।

यी कथाहरु जे जसो रहेता पनि धार्मिक आस्थाको रुपमा यो स्थल सनातन धर्मावलम्बीहरुकोलागि पुजनिय बनदनिय रहेको छ। १८३८ मा हनुमानजिको भोग राग, पुजा पाठ , साधु सन्त सेवा सत्कार , चाड पर्व धर्म संस्कृतिको सदा व्रत सञ्चालन हेतु बराह कुटिका कुश बिर्ता मौजा महाराजा गिर्वाण विक्रम शाहले १८६७ सुदि ५ भाद्रको शाही आदेशबाट दिएको भन्ने कुरा विभिन्न किताबहरुमा उल्लेख भए अनुसार यस मन्दिरले प्राचीन ,पुरातात्ति्वक ,एतिहासिक, धार्मिक एवं साँस्कृतिक महत्त्व ओगटेको छ।

शिषर शैलीमा निर्माण गरिएको यस मन्दिरको पश्चिम तर्फको गर्भ गृह कोठामा पुर्व तर्फ फर्केर रहेका श्रीराम जानकी मुर्ति रहेका छन । अर्को गर्भ गृह कोठा दक्षिण मुख फर्केर रहेको छ। उक्त कोठामा हनुमानजि दक्षिण मुख गरेर भक्तिभावले बिराजमान रहेका छन । दक्षिण तर्फ महावीरजिका पाँच वटा ध्वजा रहेका छन । यस मध्येका एउटा ध्वजा वर्ष भरी हरियो नै रहने गरेको साक्षत देख्न सकिन्छ। प्रत्येक वर्ष आश्विन दुर्गा नवमिका दिन ध्वजा फेर्ने गरिन्छ ।

यी गर्भ गृह कोठाका पुर्व जगमोहन छ। भक्तजनहरु यहींबाट दर्शन गर्ने गर्छन् । पुर्व तर्फ ठूलो द्वार रहेको छ। मन्दिरलाई चारैतिरबाट पर्खालले घेरिएको छ। मन्दिरको पश्चिम तर्फ साधु सन्त बस्ने भवन रहेका छ्न।

यस मन्दिरकै अन्तर्गत रहेका पश्चिम तर्फ रहेका जगाहरुम बिस्तारै मानिसहरुको बस्ती बस्न थाले । बस्ती गाउँमा रुपान्तरण भयो। हनुमानजिको गढीमा बस्न पुगेको गाउलाई हनुमान नगर भनिन थालियो । गाउँको पुर्व तर्फ अवस्थित हुन पुगेको हनुमान मन्दिरको पुर्व तर्फ गिरिजा पथ छ। गिरिजा पथको पुर्व एउटा ठुलो बिशाल बगैंचा थियो। उक्त बगैचामा विभिन्न प्रकारक फलफूलका बोट बिरुवा लगायत अन्य प्रजातिका ठुलठुला बोट बिरुवाहरु थिए। अहिले बोट बिरुवाहरुलाई नष्ट गरिएको छ। दुई चारवटा मात्र बोट बिरुवाहरु मात्र रहेका छन। जबकि यस हनुमान गढीमा मिथिला क्षेत्रको महाकुम्भ झैं मानिने मिथिला मध्यमा परिक्रमाको यो पहिलो पडाव (विश्राम स्थल ) हो। मिथिला बिहारिको डोला १५ दिने मध्यमा परिक्रमालाई मिथिला बिहारी नगर पालिकाको कचुरिबाट प्रस्थान गर्दा पहिलो विश्राम जनकपुर धाम उप महानगर वाड न.१२ मा अवस्थित यसै हनुमान गढी हनुमान नगरमा हुने गर्दछ। केही समय पुर्व सम्म हनुमान गढिमा बिशाल बन बगैंचाहरु थिए। हनुमान मन्दिरको वरिपरि पनि फुल फुलवारि ,बन बगैंचाहरु रहेका थिए । उक्त बगैंचाहरु नानाथरीका फलफूलका तथा अन्य प्रजातिका ठुल्ठुला बोट बिरुवाले भरिएका थिए। यै बोट बिरुवा, वृक्षका मुनि परिक्रमा गर्ने भक्त जनहरु विश्राम गर्दथे। भोलिपल्ट फागुन परेवा दिन स्नान ध्यान गरेर हनुमान गढिमा अवस्थित हनुमानजिको दर्शन गरि आशीर्वाद प्राप्त गरेर कल्याणेष्वर महादेवको दर्शाणर्थ प्रस्थान गर्दछन । परापुर्व काल देखि मिथिला क्षेत्रको मध्यमा परिक्रमाको पहिलो विश्राम स्थलको रुपमा रहेको धार्मिक साँस्कृतिक धरोहरलाई जानी नजानी क्रमशः नष्ट गर्ने दिशामा सबै उन्मुख भएका छन। सनातन धर्मावलम्बीहरुको अमुल्य सम्पदा यस धरोहरलाई अतिक्रमणको लपेटाले व्यापक रुपमा जक्डि सकेको छ।

राज गुठीमा गाभिएको यस मन्दिरको सञ्चालन व्यवस्थापन रेख देख गूठी संस्थान ले नै गर्दछ। मन्दिरको पुजा पाठ ,रेखदेख ,साधुसन्तको स्वागत सत्कार आदिमा लाग्ने खर्चका लागी भएका जग्गा मध्येबाट गूठी तैनाथी जग्गा भनेर २९-१-१४-० कायम गरेको छ।

जबकि तैनाथी जग्गाको सन्दर्भमा गुठी संस्थान एन २०३३ को दफा १(ग) ले " कसैको नाममा दर्ता नभएको सम्पुर्ण अधिकार गुठी संस्थानमा रहेको जग्गा सम्झनु पर्दछ ।" भनेर उल्लेख गरेको अवस्थामा समेत यी जग्गाहरु पुर्ण रुपमा अतिक्रमणमा परेका छन।

कोहि कसैको हक नभएको धार्मिक आस्था विस्वाससँग जोडिएका देवस्थल, बाग, बगैंचा , पोखरी ,पाटी, पौवा रहेको क्षेत्रका जग्गालाई समेत अतिक्रमण गर्न बाँकी राखेका छैनन्।

गुठीको नाउमा दर्ता रहेको जग्गाबाट ४-८-१७-३ जग्ग तत्कालीन शिक्षा परियोजनालाई दिएको थियो। जसमा जिल्ला कार्यालयको भवन पनि थियो। संघियता आए पश्चात् यो भवन मधेस प्रदेश को सभा भवन बनेको छ। मधेस प्रदेश सभा भवनको पश्चिम उत्तर तर्फ बाँकी रहेको पन्द्र दिनेमध्यमा परिक्रमा विश्राम स्थललाई अतिक्रमण गरेर मधेस प्रदेशले कवर्ड हल बनाएको छ।

एकातिर परापुर्व काल देखि चलि आएको चाड पर्व , जात्रा ,मेला हाट धार्मिक साँस्कृतिकलाई असर गर्न सक्ने जग्गा जमिन दिइनु वा अतिक्रमणमा पर्नु भनेको कालान्तरमा ती धार्मिक मुल्य मान्यताहरुलाई क्रमबद्ध रुपमा सिध्याउन तर्फ लाग्नु हो। विकासका नाउँमा परापुर्व काल देखी रहिआएको धार्मिक साँस्कृतिक महत्त्वका पन्द्रह दिने मध्यमा परिक्रमाको विश्राम स्थल यसरी दिन प्रतिदिन क्रमबद्ध रुपमा साँघुरिदैं लैजानु भनेको धार्मिक आशथासंग खेलवाड गर्नु हो। सनातन धर्म प्रती माथिको प्रहार हो। पौराणिक हनुमान गढिको धार्मिक मूल्य मान्यताहरुलाई सिध्याउन उद्धत रहेका राज्य पक्ष तथा गुठी संस्थानका अदुरदर्शिता नितिका कारण अतिक्रमण गर्नेहरुको सुची लामै रहेको छ। यस हनुमान मन्दिर मठ गुठीका अन्तर्गत रहेका जग्गाहरु मध्येका अतिक्रमण परेका यी वाड न.१२ सिट न.१३९६-०२ कि.न.५९ को १-१६-१७-१३ मध्ये ०-८-५-१;


ए ए सिट न.१४३६-२२ कि.न.१८ को १-१६-६-३ पुरै; ए ए सिट न.१४३६-२१ कि.न.६५ को १-११-१३ मध्ये ०-१-८;

ए ए १४३६-०१ कि.न.२९ को ०३१९-० मध्ये ०-२-१४; ए ए सि.न.१४३६-१ कि.न.३१को २-७-११ मध्ये ०-१०-५-२;

ए ए सि.न.१४७५-०५ कि.न.२८ को ०-९-९-२; ए ए सि.न.१४७५-०५ कि.न.१०७ को ०-१२--१६-३; ए ए सि.न. १४७५-०१० कि.न.९२९ को ०-१३-१९-३ ;

ए ए सि.न. १४७५-०५ कि.न.८४ को ०-२-६; ए ए सि.न.१४७५-२२ कि.न.१९ को ०-४-१८-३ पुरै जम्मा ४-९-७-२ जग्गाहरुको अतिक्रमण सन्दर्भमा वृहत्तर जनकपुर क्षेत्र विकास परिषदको उच्चस्तरीय आयोगले प्रस्तुत गरेको प्रतिवेदनलाई मन्त्री परिषदले स्वीकृत प्रदान गरेर तत तत निकायले अतिक्रमण मुक्त गराउन निर्णय गरि सरकारले निर्देशन दिसकेको अवस्था हुँदा हुँदै पनि सरोकारवालाहरु मौन बस्नुपर्ने बाध्यताले सारालाई अचम्मित तुल्याएको छ। हुन त यस मन्दिरको आफ्नै रितिथिति व्यवस्थापन रहेको थियो। बराह कुटि मौजाको कुश बिर्ता समेत गिर्वाण बिक्रम शाहको पालामा पाएको थियो । यस मन्दिरको आफ्नै प्रशस्त जग्गा जमिन फुलवारी बन बगैचा पोखरीहरु थिए ।गुठी संस्थान अन्तर्गत राज गुठीमा गाभिए पछि गाउले एंव संबंधित निकायको उपेक्षाको कारण धार्मिक साँस्कृतिक अमुल्य सम्पदा नष्ट हुने अवस्थाबाट गुज्रिरहेको छ। यसको संरक्षण सम्बर्द्धन तर्फ धर्मका नाउँमा खुलेका संघ संस्था , धार्मिक आस्था भएका तथा सरोकारबाला सम्बन्धित निकायले समयमै ध्यान पुर्याएर धार्मिक पर्यट्किय केन्द्रको रुपमा स्थापित गर्न अल्पकालीन , दीर्घकालीन योजनाको तर्जुमा गर्न सकेमा मात्र यस पौराणिक धार्मिक धरोहरको अस्तित्व जोगिने थियो कि ? अस्तुः

# साकेला संस्कृतिमा तरङ्गीत हुँदै किराँत राई



गणेशकुमार राई

'साकेला उभौली-२०८१/यलेदोङ-५०८४ को शुभकामना छ!' वैशाखे पूर्णिमा तिथि भित्रिदै गर्दा सामाजिक सञ्जालहरूमा यही शब्दले ढाकेको छ । काँधमा ढोल भिरेर हातको गजोले दायाँतर्फको तालमा ठोक्दा आउने आवाजलाई ढुङ ढुङ ढुङ सुनिन्छ । त्यतिखेरै बायाँतर्फको गजोले ठोक्दा सुनिन्छ-टुङ टुङ टुङ । दुवैतर्फ एकसाथ ताल मिलाएर सुनिन्छ-ढुङ्ङ ढुङ्ङ ढुङ्ङ । प्रायःगरी यो ढोलचाहिं पुरुषको काँधमा हुन्छ ।

उता उस्तै गरी बज्छ, झ्याम्टा । दायाँ र बायाँ औंलाले डोरीगाँठे हत्केलाको खोपिल्टामा अड्याएर झ्याम्टा बजाइन्छ । आवाज दिन्छ- झ्याम झ्याम झ्याम । बजाउनेचाहिं महिलाको कोमल हत्केलामा हुन्छ । पुरुषको हातमा उसैगरी बच्छ । फेटा गुथेका सिलिमाङ्पा (पुरुष) र फेटा गुथेका सिलिमाङ्मा (महिला) हुन्छन् । हातमा झ्याम्टासहित उनै पुरुष र महिलाले गोलाकार मानव साँलोलाई संस्कृतिमय सिलि नाच्ने नेतृत्व गर्छन् ।

सहभागीहरू पुरुषहरू एक हातमा चौरीको पुच्छर र अर्को हातमा सिकिरी (छिर्लिङ्ग) लिएर पंक्तिवद्ध गोलाकारलाई पछ्याइरहेका हुन्छ । महिला पङ्क्ति दुवै हातमा सेउली लिएर हल्लाइरहेका हुन्छन् । गोलाकारको मध्य भागमा ढुंगाको साकेला थान हुन्छ । त्यहाँ धामी, बिजुवाले विधिवत प्रकृतिको पूजा गरी सेउली गाडेको हुन्छ । धरती, आकाश, हावा, पानी, सिमेभूमे, खोलानाला, सिकारीबेखारीको विधिवत् पुकारेर बल माग्दछ । गोलबद्ध सबैको मुखारबिन्दबाट एकसाथ स्वरहरू गुन्जिएको सुनिन्छः

*सिंकौली सेउली सेलेले*
*नाचीमा जाऊँ पेलेले*
*सैसैला हो सैसैला*
*सै ढोले सै अर्को ढोले खोइ ...*

बाजाको तालसँगै सबैको गोडाको चाल एउटै हुन्छ । सबैको हातको चाल एउटै हुन्छ । सबैको आवाज एकैसाथ सुनिन्छ । उभौली (वैशाखे पूर्णिमा) र उधौली (मङ्सिरे पूर्णिमा) तिथि विशेषगरी प्रकृतिको पूजा र पुर्खाको मानमनितो गर्ने अवसर हो यो । सामूहिक पूजाआजा गरेपछि खुसियाली मनाउन सांस्कृतिक बाजागाजा बजाएर त्यसको तालमा नाच्ने गरिन्छ । महिना दिनसम्म सामूहिक जमघटसहित नाचिन्छ । नाचलाई सिली (नाच)लाई साकेला सिली भनिन्छ । सिलिमाङ्पा (सिलिहौंपा), सिलिमाङ्मा (सिलिहौंमा) मात्र होइन, पङ्क्तिबद्ध तन्नेरी, तरुनी, बुढौली, केटाकेटीहरूले पहिरिएका सांस्कृतिक वेषभूषा, गरगहनाले चाडमय माहौलको रौनक बढाएको हुन्छ ।

यो सांस्कृतिक झल्को किराँत राई जातिको हो । राई जातिभित्र २६ भाषा बोल्ने समुदाय पर्दछन् । उनीहरू साझा सांस्कृतिक उत्सवलाई समग्रहमा साकेला भनेर जानिन्छ । यद्यपि प्रदेश-१ को किराँत भूमिमा भाषाअनुसार साकेन्वा, साकेवा, तोसी/तोसु, तोस, साखेल, फेंदर, साकाला, भूमे आदि शब्दले पुकारिन्छ । उभौली र उधौली चाड साकेलाले संसारभरि छरिएका किराँत राई जातिलाई बाँधेको छ ।

किराँत राई जाति र जनसंख्या

इतिहासमा उल्लेख ओल्लो किराँत , माझ किराँत र पल्लो किराँत क्षेत्रमा किराँत जातिको बसोबास रहेको पाइन्छ । किराँत जातिअन्तर्गत राई, लिम्बू, याक्खा र सुनुवार पर्दछन् । यसबाहेक धिमाल, हायु, सुरेल, जिरेल, थामीले पछिल्ला दशकमा किराँत जाति भनेर दाबी गरेका छन् । किराँत राई जाति एक, भाषा अनेक रहेको समुदाय हो । राई जातिभित्र २६ भाषा बोल्ने समुदाय रहेका छन् । एउटा भाषा समूहभित्र अनेकन पाछा-उपपाछाहरू छन् । तसर्थ, एउटै भाषीबीच वैवाहिक सम्बन्ध कायम हुने गरेको छ । फरक भाषीबीच हुने विवाहलाई स्वजातीय विवाह मान्दछन् ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले देश नेपालमा १४२ जातजाति, १२४ भाषा र १० वटा धर्म मान्ने समुदाय रहेका छन् । देशको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ । त्यसमा महिलाको संख्या १ करोड ४९ लाख ११ हजार २७ जना (५१.०२ प्रतिशत) र पुरुषको संख्या १ करोड ४२ लाख ५३ हजार ५ सय ५१ (४८.९८ प्रतिशत) रहेको छ । लैंगिक अनुपातका आधारमा एकसय महिला बराबर ९५.५९ पुरुष रहेको छ । कुल जनसंख्याको १०औं स्थानमा राई जाति रहेको छ । राई जातिको जनसंख्या ६ लाख ४० हजार ६७४ रहेको छ । यो कुल जनसंख्या २.२ प्रतिशत हो । जसमा बान्तावा, चाम्लिङ, कुलुङ, थुलुङ, साम्पाङ, खालिङ, वाम्बुले, बाहिङ/बायुङ, याम्फु/याम्फे, नाछिरि, दुमी, मेवाहाङ, पुमा, आठपहरिया, दुङमाली, कोयी, लोहोरुङ, जेरुङ, छिन्ताङ, छिलिङ, तिलुङ, लुङखिम, फाङदुवाली, बेलहारे, साम र देवास भाषिक समुदाय पर्दछन् ।

किराँतीहरूले आफूले मनाउने परम्परागत सांस्कृतिक उत्सवलाई चाड भन्ने गर्दछन् । पर्व भनेको हिन्दूकृत शब्द हो । रामले रावणलाई मारेपछि मनाइने दशै पर्व भनिएको छ । अर्कोतर्फ इतिहासमा मानवरक्तपातसँग जोडिएको ठान्दछन् । जस्तो कि अलो पर्व, कोत पर्व इत्यादि । त्यसैले किराँत राई यायोक्खाले उभौली र उधौलीमा आयोजना गरेको सामूहिक उत्सवमा 'चण्डी होइन साकेला', 'पर्व होइन चाड' भन्ने पर्चा बाँडेको पाउँछौं । यो अभियान जारी छ ।

किराँत राई यायोक्खा, किराँत याक्थुङ चुम्लुङ, किराँत याक्खा छुम्मा र सुनुवार सेवा समाजले संयुक्त रूपमा माग गरेअनुसार नेपाल सरकारले २०५८ सालमा मंसिरेपूर्णिमा तिथिलाई 'किराँत चाड' भनेर घोषणा गरेको छ । 'नेपाल राजपत्र भाग ४ मिति २०५८/१२/२६ मा 'पर्व विदाहरू' (छ) किराँत पर्व मान्ने सरकारी कर्मचारीहरूका लागि किराँत चाड पर्ने दिन (मङ्सिरे पूर्णिमा) एक दिन ।' उल्लेख रहेको पाइन्छ । त्यसैगरी २०६४ सालमा उभौली वैशाखे पूर्णिमा समेतलाई किराँत चाड भनेर घोषणा भएको छ । यायोक्खाले उभौली र उधौली चाडलाई एकरूपताका निम्ति 'साकेला' शब्द स्थापित गरेको छ । साकेला चाम्लिङ भाषाको शब्द हो । उभौली र उधौली बुझाउने सांस्कृतिक साकेन्वा, साकाला, साक्खेवा, तोसी, भूमे आदि भनेर पुकारिन्छ ।

# जलवायु अनुकुलन कार्यक्रमका लागि अनुदान बढाउन जरुरीः पूर्वमन्त्री पौडयाल



काठमाण्डु । पूर्वपरराष्ट्रमन्त्री डा विमला राई पौडयाललेजलवायु परिवर्तनले पछिल्लो समयमा पारेको नकारात्मक प्रभाव न्यूनीकरणका लागि जलवायु अनुकुलन कार्यक्रमका लागि अनुदान बढाउनुपर्नेमा जोड दिनुभएको छ।

यहाँ जारी 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद' दोस्रो दिनको 'स्थानीयरूपमा नेतृत्व अनुकूलनः पहाडदेखि समुद्री पारिस्थितिकी प्रणाली' विषयक सत्रमा आज उहाँले जलवायु कोषबाट अनुदान ल्याउन प्रक्रिया पनि सरलीकृत हुनपर्ने धारणा राख्नुभयो ।उहाँले प्राप्त अनुदान महिला तथा सिमान्तकृत समुदायलाई समेत सम्बोधन हुने गरी वितरण गर्न आवश्यक रहेको बताउनुभयो । जलवायु परिवर्तनले ल्याएका समस्यालाई सम्बोधन गरी सामाजिक विभेदको समेत अन्त्य गर्नुपर्ने पौडयलको भनाइ छ।

"फरक-फरक स्थानमा जलवायु परिवर्तनको असर पनि फरक छ, जोखिमका आधारमा प्राथमिकीरण गरेर जलवायुका नीति तथा योजना ल्याउनुपर्छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनले ल्याएका चुनौती र समाधानका लागि स्थानीयले परम्परागतरुपमा गर्दै आएका सिकाइलाई समेत आधारित भएर उनीहरुको सफल कथा बाहिर ल्याउनुपर्छ ।"स्थानीय तहमा जलवायु परिवर्तनका प्रभावले पारेको असरभन्दा जलवायुका प्राविधिक तथा वैज्ञानिक टोली टाढा भएको भन्दै स्थानीय समस्यालाई नियालेर उनीहरुलाई वैज्ञानिक ज्ञान दिन आवश्यक रहेको उहाँको सुझाव छ।

उहाँका अनुसार जलवायु परिवर्तनको प्रभावकारी कार्यक्रम सञ्चालनका लागि जलवायु परिवर्तनसम्बन्धी ज्ञानमा स्थानीय सरकारलाई सबल बनाउनुपर्छ । नीतिगत कुराहरुमा संवाद अपर्याप्त रहेको भन्दै उहाँले नीतिमा तालेमेल हुन जरुरी रहेकामा जोड दिनुभएको छ । जलवायु परिवर्तनका बढी जोखिम महिला तथा सिमान्तकृत वर्गले बढी भोग्नुपरेको भन्दै यी वर्गलाई केन्द्रमा राखेर नीति तथा योजना बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो ।रासस

# बुद्ध जन्मभूमिलाई विकास गर्न सरकार क्रियाशील छः प्रधानमन्त्री

लुम्बिनी । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकार बुद्धको विचार, मार्गदर्शन एवं बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटकको गन्तव्यका रूपमा विकास गर्न क्रियाशील रहेको बताउनुभएको छ।

२५६८औँ बुद्ध जयन्ती एवं लुम्बिनी दिवस मूल समारोहद्वारा विहिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले संसारभरिका करोडौँ बौद्ध समुदाय एवं आम मानिसले समेत जीवनमा एकपटक दर्शनरअवलोकन गर्नैपर्ने पवित्र तीर्थस्थलको विकासमा सरकार लागिपरेको बताउनुभएको हो।

उहाँले भन्नुभयो, "वर्तमान सरकार बुद्धको विचार, मार्गदर्शन एवं बुद्ध जन्मभूमिलाई विश्वशान्ति र धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकसित गर्न क्रियाशील छ ।" नेपालले आयोजना गरेको तेस्रो लगानी सम्मेलनमा बृहत्तर लुम्बिनी विकास परियोजनासम्बन्धी प्रस्ताव प्रस्तुत भई वैदेशिक लगानीका लागि विश्व समुदायलाई आह्वान गरिएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले यसले विश्वभरिका बौद्ध धर्मावलम्बीहरूलाई आकर्षण गरी धार्मिक पर्यटन एवं विश्वशान्तिमा गौतम बुद्ध र नेपालको योगदान प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो।

"बुद्धको जन्मभूमि लुम्बिनीको भ्रमण गर्न पाउनु विश्वका प्रत्येक नागरिकका लागि गौरवको विषय हुन्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "लुम्बिनीलाई विश्वभरिका बुद्धिष्टहरूको 'बर्थिङ सेन्टर'का रूपमा विकास गर्ने र त्यसमार्फत यस क्षेत्र र सिङ्गो देशको पर्यटन प्रवर्द्धनमा उच्च सफलता हासिल गर्ने सम्भावना छ।"



उहाँले शाक्यमुनि गौतमबुद्ध शील, समाधि र प्रज्ञाका प्रतिमूर्ति एवं शान्ति, एकता र सद्भावका सामूहिक प्रतीक भएको बताउनुभयो । "पूर्वीय दर्शन र चिन्तन परम्परामा बुद्धको विचार र त्यसको प्रभाव निकै महत्त्वपूर्ण छ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "मानव सभ्यता र संस्कृतिको विकासमा, ज्ञान निर्माण (आर्जन) र प्रज्ञाको अभ्युदयमा बुद्धको मार्गदर्शन अत्यन्तै प्रभावशाली छ । बुद्धको जन्मले नेपाललाई विश्वमा चिनाउने मात्र नभई धार्मिक पर्यटनको माध्यमबाट असीमित सम्भावना समेत उपलब्ध गराएको छ।" मौर्यसम्राट अशोकद्वारा निर्मित अशोक स्तम्भको शिलालेखले बुद्धको जन्म लुम्बिनीमा भएको तथ्य अकाट्य रूपमा प्रमाणित भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सम्पूर्ण मानव जातिको साझा धरोहर एवं विश्व सम्पदाको महत्त्वपूर्ण अङ्ग पवित्र लुम्बिनीको द्रूत विकासका लागि सरकारले लुम्बिनीलाई राष्ट्रिय गौरवको आयोजनामा सामेल गरी लुम्बिनी गुरूयोजनाको बाँकी कार्य यथाशक्य पूरा गर्न लागिपरेको स्पष्ट पार्नुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, "अन्तर ष्ट्रिय दातृराष्ट्र तथा सङ्घ संस्थाहरूको समेत सहयोग तथा सहभागितामा सरकारले कपिलवस्तु क्षेत्र, देवदह क्षेत्र तथा रामग्रामको पुरातात्विक उत्खनन्, संरक्षण, प्रवर्द्धन तथा विकास गरी स्थानीयलाई विकासको प्रतिफल दिलाउन प्रयास गरिरहेको छ ।" बृहत्तर लुम्बिनी विकास परियोजनाको सफल कार्यान्वयनमार्फत उक्त सम्भावनालाई यथार्थमा बदल्न सकिने बताउँदै उहाँले यस कार्यका लागि प्रस्ताव बनाउन र पहल अगाडि बढाउन लुम्बिनी विकास कोषलाई निर्देशन दिनुभयो।

लुम्बिनीलाई अन्तर्राष्ट्रिय बौद्धदर्शन र शिक्षाको अझ ठूलो केन्द्र बनाउन सकिने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले लुम्बिनी बुद्धको जन्मस्थल मात्र नभई बौद्धदर्शनको उद्गमस्थल भएको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "यस क्षेत्रलाई अन्तर्राष्ट्रिय बौद्धदर्शन र शिक्षाको केन्द्र बनाउन ठोस योजना अगाडि बढाएको छ।"

उहाँले बौद्ध विश्वविद्यालयको समग्र ध्यान बौद्धदर्शनको प्रवर्द्धनतर्फ केन्द्रित गर्न निर्देशन दिनुभयो । नेपाल सरकारले सन् २००४ मा दोस्रो विश्व बौद्ध शिखर सम्मेलन आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेको स्मरण गर्दै प्रधानमन्त्रीले तेस्रो शिखर सम्मेलन छिट्टै आयोजना गरिनेसमेत जानकारी दिनुभयो ।रासस

# गणतन्त्रमा संविधान र कानुनभन्दा माथि कोही हुन सक्दैन : सञ्चारमन्त्री शर्मा

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले गणतन्त्रात्मक शासन व्यवस्थामा संविधान र कानुनभन्दा माथि कोही पनि हुन नसक्ने बताउनुभएको छ।

गणतन्त्र दिवस-२०८१ का अवसरमा राष्ट्रिय समाचार समिति (रासस)द्वारा आयोजित 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्बिर प्रदर्शनीको आज उद्घाटन गर्दै मन्त्री शर्माले जतिसुकै माथिल्लो ओहदाको व्यक्ति भए पनि संविधान र कानुनको दृष्टिमा सबै समान हुने भएकाले सरकारले त्यसैअनुसार कानुन कार्यान्वयन गरिरहेको स्पष्ट गर्नुभयो।




"प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नियुक्त हुँदै गर्दा गणतन्त्रले केही गर्न सकेन भनेर एक प्रकारले नकारात्मक भाष्य सिर्जना गरिएको थियो। सामाजिक न्याय, समृद्धि तथा सुशासनको पक्षमा दृढतापूर्वक काम गरेकाले व्यवस्था र परिवर्तनका पक्षमा नकारात्मक भाष्य चिर्न सरकार सफल भएको छ", नेपाल सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री शर्माले भन्नुभयो, "सूचना र सञ्चारका क्षेत्रमा पनि हामी गुणात्मक उपलब्धि हासिल गर्न सफल भएका छौँ।"

मुलुकले पूर्वाधार विकासमा फड्को मार्दै गएको र अभ्यासका क्रममा कुनै कमी कमजोरी भएमा दोषीको भागिदार सम्बन्धित व्यक्ति हुने तर गणतन्त्रात्मक व्यवस्था भने नहुने स्पष्ट गर्दै उहाँले व्यवस्थालाई सबल बनाउने सवालमा जनताबाट आउने खबरदारीलाई सरकारले ग्रहण गर्ने बताउनुभयो।

गणतन्त्र स्थापनापछि पूर्वाधार, शिक्षा, स्वास्थ्य, सूचना प्रविधिलगायतका क्षेत्रमा उल्लेख्य उपलब्धि भएको तथ्यलाई प्रचारप्रसार गरी नयाँ पुस्तामा सकारात्मक भाव प्रवाह गर्नुपर्ने खाँचो औंल्याउँदै मन्त्री शर्माले राससले गणतन्त्र दिवसको सन्दर्भ पारी तस्बिर प्रदर्शनी गरेर महत्वपूर्ण भूमिका निर्वाह गरेकामा खुशी व्यक्त गर्नुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका निमित्त सचिव गजेन्द्र ठाकुरले गणतन्त्रले ल्याएका उपलब्धिको प्रचारप्रसार गर्ने उपयुक्त माध्यम राससको तस्बिर प्रदर्शनी भएको बताउनुभयो।

राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले गणतन्त्र आएपछि विकास निर्माणसहित पूर्वाधारका क्षेत्रमा मुलुकमा भएको प्रगति र परिवर्तनबारे जानकारी दिने उद्देश्यले तस्बिर प्रदर्शनी आयोजना गरिएको बताउनुभयो।

गणतन्त्र दिवसका उपलक्ष्यमा गत वर्षदेखि सुरु गरिएको तस्बिर प्रदर्शनीलाई आउँदा वर्षहरुमा पनि निरन्तरता दिइने उल्लेख गर्दै प्रदर्शनीमा दार्चुलाको मार्मादेखि पाँचथरको धार्पुसम्मका ९५ तस्बिर समेटिएका अध्यक्ष झाले जानकारी दिनुभयो।

राससका महाप्रबन्धक सिद्धराज राईले गणतन्त्र स्थापनापछि भएका उपलब्धिलाई तस्बिर प्रदर्शनी आयोजना गरी प्रचारप्रसार गरिएको बताउनुभयो। उहाँले नेपालमा केही भएको छैन भन्ने भ्रम चिर्न राससले सत्य र सही सूचना सामग्री प्रवाह गर्दै आएको बताउनुभयो।

राससको केन्द्रीय कार्यालय, भद्रकालीमा आयोजित प्रदर्शनीमा मुलुकका तीनवटै तहका सरकारले आफ्नो सीप, जनशक्ति र पुँजी तथा छिमेकीका साथै अन्य मित्रराष्ट्रसमेतका सहायतामा निर्मित एवं निर्माणाधीन राष्ट्रिय र प्रादेशिक गौरवका आयोजनाका समेत गरी ९५ तस्बिर समावेश छन् । तस्बिर प्रदर्शनी कार्यालय समयभित्र सबैले निःशुल्करुपमा अवलोकन गर्न सक्ने प्रशासन प्रमुख शीतलप्रसाद महतोले जानकारी दिनुभयो।

कार्यक्रममा सञ्चार मन्त्रालयका सहसचिव बाबुराम भण्डारी, रासस सञ्चालक समिति सदस्यद्वय डिल्लीराम भट्टराई र कृष्ण अधिकारी, त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका पूर्व प्रमुख प्रा चिरञ्जीवी खनाल, गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरी, राससका नायब महाप्रबन्धकहरु, विभागीय प्रमुखहरु, महासङ्घ / सङ्घ / सङ्गठन / युनियनका पदाधिकारी र सञ्चारकर्मीको सहभागिता थियो ।रासस

# दिगो विकासको लक्ष्य सन्तोषजनक देखिएनः सांसद राणा

काठमाण्डु । प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति डा आरजु राणाले दिगो विकासले लिएको लक्ष्यअनुरुपको प्रगति नभएको भन्दै लक्ष्य पूरा गर्नका लागि सबैको सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

बुधबारदेखि यहाँ सुरु 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञको अन्तर्राष्ट्रिय संवाद'को दोस्रो दिनको 'जलवायु न्याय, समानता र स्थानीय आवाजः लिङ्ग र युवा' विषयक सत्रमा उहाँले दिगो विकासको सम्बन्धमा संयुक्त राष्ट्रसङ्घले सार्वजनिक गरेको प्रतिवेदन हेर्दा दिगो विकासको लक्ष्य सन्तोषजनक नरहेको बताउनुभएको हो। जलवायुले ल्याएको चुनौती पहिल्याएर उनीहरुको क्षमता बढाउनुपर्नेमा उहाँको भनाइ छ । जलवायु परिवर्तनसम्बन्धी नीति कार्यान्वयन प्रभावकारी हुनुपर्नेमा उहाँले जोड दिनुभयो । "स्थानीयस्तरका ज्ञानलाई प्रयोग गरेर जलवायुसम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्छ, राजनीतिक सहमति जुटाउनुपर्छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनसम्बन्धी सम्झौता कानुनीरुपमा नै बाध्यकारी प्रावधान ल्याउनुपर्नेछ।"

नेपाली कांग्रेसकी नेतृ समेत रहनुभएकी डा राणाले पछिल्लो समय पृथ्वीको तापक्रम पनि दिनानुदिन बढिरहेको र यसले हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर बढी परिरहेको बताउनुभयो। "जलवायु परिवर्तनको प्रभावका कारण प्रकोप बढेर हिमताल फुट्ने जोखिम बढेको छ", राणाले भन्नुभयो, "जलवायु न्यायका कुरा गर्दा हिमाली क्षेत्रका महिलाले वातावरण जोगाउन खेलेको भूमिका महत्वपूर्ण छ, उहाँहरुले हिमालका हरेक कुनाकाप्चामा जोखिमका बाबजुद अघि बढेर जैविक विविधता संरक्षणमा भूमिका निर्वाह गरिरहनुभएको छ", उहाँले भन्नुभयो, "जलवायुका कारण हिमाली क्षेत्रका महिलाले भोगेको समस्या सम्बोधन हुनेगरी काम गर्नुपर्छ।"




सर्वोच्च अदालतका न्यायाधीश सपनाप्रधान मल्लले स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको हक सुनिश्चित गराउन आवश्यक रहेको बताउनुभयो । उहाँले नेपालीहरुले स्वच्छ वातावरणमा बाँच्न नपाएको भन्दै उनीहरुको मौलिक हक कार्यान्वयनका लागि अदालतको पहल जारी रहने पनि उलेख गर्नुभयो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का जलवायुविज्ञ डा पपुलर जेण्टल भुसालले पर्वतीय क्षेत्रमा बढी सङ्कट परेको भन्दै समाधानका लागि सबै पर्वती मुलुकहरुको आवाज एउटै हुनुपर्नेमा जोड दिनुभयो। "जलवायु नीति कार्यान्वयनको ठूलो खाडल त छ तर प्रभावकारी कार्यान्वयनका लागि सरकार लागिरहेको छ", उहाँले भन्नुभयो, "आवश्यकताअनुसार जलवायु वित्त नहुँदा नीति कार्यान्वयनमा समस्या देखिएको हो।"रासस


**Janakpurdham Sub-Metropolitan City**

**Office of the Municipal Executive**

**Janakpurdham, Dhanusha**

**Madhesh Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of First publication: 2081-02-11 (24 May, 2024)**

Janakpurdham Sub-Metropolitan City Office, Janakpurdham invites only electronic bids for the following goods under National Competitive Bidding (NCB) Procedure. For Further Information and More Details about the bid, Bidders may visit PPMO's website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
| --- | --- | --- | --- | --- |
| NCB/04-2080/81 GoodsJSMC | Supply and Delivery of Medicine in JSMC | 75,000 | 24 June 2024 i.e. 2081/03/10 | 3000.00 |

**Chief Administrative Officer**



**कलैया उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कलैया, बारा**

**मधेश प्रदेश, (नेपाल)**

**बोलपत्र स्वीकृत भएको सूचना**

**प्रकाशित मितिः- २०८१/०२/११**

यस कलैया उपमहानगरपालिको मिति २०८१/०१/०९ गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित बोलपत्र (e-bidding) आव्हानको सूचना अनुसार रित पूर्वक पर्न आएका बोलपत्रहरु मध्ये सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९ को दफा ९ (१०) बमोजिम सबै भन्दा बढी रकम कवोल गर्ने सारभुत रुपमा प्रभावकारी तपसिल अनुसारको बोलपत्र स्वीकृत गर्नको लागि मूल्याङ्कन समितिको मिति २०८१/०२/०७ गतेको निर्णयानुसार सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९ को दफा ९ (११) को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गरिएको सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| क्र. सं. | सूचना नं. | बढी अंक कवोल गर्ने बोलपत्र दाताको नाम थर | बढी अंक कवोल गर्ने बोलपत्र दाताको ठेगाना | कबोल रकम |
| --- | --- | --- | --- | --- |
| १ | ०१ (लिलामी)/ २०८०/८१ | Samyog Construction and Suppliers Pvt. Ltd. | Tokha, Kathmandu, Nepal | 26,79,857.15 |

**प्रमुख प्रशासकीय अधिकृत**


# दक्षिण कोरियाद्वारा चिप्स उद्योगलाई प्रोत्साहन गर्न १९ अर्ब डलरको योजना घोषणा

**कोरिया सरकारले यो विश्वको सबैभन्दा ठूलो सेमीकन्डक्टर बनाउने उद्योग हुने र लाखौं रोजगारी सिर्जना गर्ने दावी गरेको छ ।**

**एएफपी**

सियोल । दक्षिण कोरियाले चिप्स उद्योगलाई प्रोत्साहन गर्न १९ अर्ब डलरको योजना सार्वजनिक गरेको छ ।

राष्ट्रपति युन सुक योलले बिहीबार देशको महत्वपूर्ण सेमीकन्डक्टर उद्योगका लागि १९ अर्ब डलरको सहयोग योजना घोषणा गर्नुभएको हो । दक्षिण कोरियामा सामसुङ इलेक्ट्रोनिक्स र एसके हाइनिक्सजस्ता विश्वमा धेरै मेमोरी कार्ड र चिप्स उत्पादन गर्ने ख्यातिप्राप्त कम्पनीहरू रहेका छन् । दक्षिण कोरियाले गत वर्ष चार खर्ब ५६ अर्ब अमेरिकी डलरको निजी लगानी प्रयोग गरेर विश्वको सबैभन्दा ठूलो चिप्स सेन्टर निर्माण गर्ने प्रतिज्ञा गरेको थियो ।



राष्ट्रपतिको कार्यालयद्वारा जारी विज्ञप्ति अनुसार नयाँ कार्यक्रमबारे राष्ट्रपति युनले भन्नुभयो, "हामीले २६ ट्रिलियन कोरियन वोन बराबरको सेमीकन्डक्टर उद्योगको लागि एक व्यापक सहयोग कार्यक्रम बनाएका छौं । यसमा वित्तीय, पूर्वाधार, अनुसन्धान र विकास, साथै साना र मझौला आकारका कम्पनीहरूको लागि सहयोग समावेश छ ।"

यो प्याकेजमा यसै महिनाको सुरुमा घोषणा गरिएको सात अर्ब अमेरिकी डलर लगानी पनि समावेश छ ।युनले सियोलले रोजगारी बढाउने र उद्योगमा थप प्रतिभा आकर्षित गर्ने आशामा चिप लगानीका लागि कर लाभ विस्तार गर्ने पनि बताउनुभयो । कार्यक्रम अनुसार सियोलको बाहिर भागमा 'मेगा चिप्स क्लस्टर' पनि निर्माण गरिरहेको छ । कोरिया सरकारले यो विश्वको सबैभन्दा ठूलो सेमीकन्डक्टर बनाउने उद्योग हुने र लाखौं रोजगारी सिर्जना गर्ने दावी गरेको छ ।

युनले भन्नुभयो, "तपाईंहरू सबैलाई थाहा छ, सेमीकन्डक्टर उत्पादन राष्ट्रिय विकासका लागि अवसर र चुनौतीको क्षेत्र हो । यसले अर्थतन्त्र र समाजलाई सशक्त बनाउँदै यसले कोरियाली आवश्यकता अनुसार पूर्णतया हतियार निर्माणका समग्री र हतियार निर्माणमा पनि सहयोग गर्नेछ ।"

उहाँले भन्नुभयो, "जीत वा हार उच्च सूचना संस्करण क्षमताको साथ अत्याधुनिक सेमीकन्डक्टरहरू कसले बनाउँदछ भन्नेमा निर्भर गर्दछ । सेमीकन्डक्टरलाई राज्यले सहयोग गर्नुपर्छ ताकि उनीहरू प्रतिस्पर्धीभन्दा पछि नपरून् ।"

नयाँ प्याकेजका लागि कोरिया विकास बैंक मार्फत '१७ ट्रिलियन वोनको नयाँ सेमीकन्डक्टर वित्तीय सहायता कार्यक्रम' सञ्चालन हुनेछ, जसले कम्पनीहरूलाई महत्त्वपूर्ण नयाँ लगानी गर्न अनुमति दिनेछ । "कम्पनीहरूले नयाँ कारखाना र लाइन विस्तारजस्ता सुविधाहरूमा ठूलो रकम लगानी गर्दा तरलताको समस्या उत्पन्न हुन्छ तर कोरिया विकास बैंकको सहयोग कार्यक्रममार्फत यी समस्याहरु धेरै हदसम्म समाधान हुनेछन् भन्ने मलाई विश्वास छ," उहाँले भन्नुभयो । यो योजनाले एक ट्रिलियन वोन बराबरको 'सेमीकन्डक्टर पारिस्थितिक कोष' पनि सिर्जना गर्नेछ। यसले फ्यावलेस (हार्डवेयर यन्त्र र अर्धचालक चिपहरूको उत्पादन र बिक्री) का क्षेत्रमा काम गर्ने कम्पनी र उद्योगसँग सम्बन्धित साना र मझौला उद्यमहरूलाई सहयोग गर्नेछ ।"हाम्रो फ्याबलेस बजार हिस्सा अझै पनि एक प्रतिशतको दायरामा छ, र प्रणालीगत सेमीकन्डक्टरहरू उत्पादन गर्दछ र टीएसएमसीजस्ता अग्रणी कम्पनीहरूसँगको अन्तरलाई बन्द गर्न असमर्थ छ," यूनले भन्नुभयो ।

यसै महिनाको सुरुमा सियोलले आफ्नो चिप उद्योगलाई सहयोग गर्न सात अर्ब डलरभन्दा बढीको सहायता प्याकेज स्थापना गर्ने घोषणा गरेको थियो । यो योजना एशियाको चौथो ठूलो अर्थतन्त्र मानिने दक्षिण कोरियाका लागि महत्वपूर्ण सेमीकन्डक्टर क्षेत्रलाई बढावा दिने अभियानको एक हिस्सा हो ।

कोरियाली सरकारले चिप्स, डिस्प्ले र ब्याट्री सहित छ वटा प्रमुख प्रविधिमा ठूलो लगानी गर्न खोजिरहेको बेला यो कदम चालिएको हो ।

# अन्तर्राष्ट्रिय एसियन तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि




काठमाण्डु । नेपाल चाङ हुन अन्तर्राष्ट्रिय तेक्वान्दो महासङ्घको आयोजनामा प्रथम चाङ हुन अन्तर्राष्ट्रिय एसियन तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ ।

सातदोबाटोस्थित कराते महासङ्घको एकेडेमीमा आयोजना हुने उक्त प्रतियोगितामा आयोजक नेपालसहित मलेसिया, बङ्गलादेश, भारत, चीन, पाकिस्तान, भियतनाम, फिलिपिन्स, श्रीलङ्का र सिङ्गापुर गरी करिब दुई हजार पाँच सय खेलाडीको सहभागिता रहने महासङ्घका अध्यक्ष कुलबाहदुर बुढामगरले जानकारी दिनुभयो ।

यही जेठ १३ गतेसम्म आयोजना हुने प्रतियोगितामा ८५ स्वर्णपदक, ८५ रजत तथा एक सय १६ कास्यपदकका लागि प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । प्रतियोगितामा पुरुषतर्फ २० किलो, २१–२६, २७–३२, ३३–३८, ३९–४४, ४५–५०, ५१–५६, ५७–६२, ६३–६८, ६९–७४ र ७४ किलोमाथि तौल समूहमा प्रतिस्पर्धा हुनेछ ।

त्यसैगरी महिलातर्फ २० किलोमुनि, २१-२६, २७-३२, ३३-३८, ३९-४४, ४५-५०, ५१-५६, ५७-६२ र ६२ किलोभन्दा माथि तौल समूहमा प्रतिस्पर्धा हुनेछ । सिनियर तौल समूह (ब्ल्याक बेल्ट)को पुरुषतर्फ ४४ किलो मुनि, ४५-५०, ५१-५६, ५७-६२, ६३-६८, ६९-७४, ७५-८० र ८० किलोमाथि, महिलातर्फ ३८ किलोमुनि, ३९-४४, ४५-५०, ५१-५६, ५७-६२, ६३-६८, ६९-७४ र ७४ किलोमाथि तौल समूहमा प्रतिस्पर्धा हुनेछ ।

यस्तै एकल काताको पुरुषतर्फ एलो, ग्रीन, ब्ल्यु, रेड, ब्ल्याक बेल्ट (पहिलो देखि पाँचौं डान) र महिलातर्फ एलो, ग्रीन, ब्ल्यु, रेड, ब्ल्याक बेल्ट (पहिलो देखि पाँचौं डानसम्म प्रतिस्पर्धा हुनेछ । समूह काताअन्तर्गत पुरुष सिनियर (ब्ल्याक बेल्ट), जुनियर (कलर बेल्ट) र महिला सिनियर (ब्ल्याक बेल्ट), जुनियर (कलर बेल्ट) मा प्रतिस्पर्धा हुनेछ । उक्त प्रतियोगिता सञ्चालनको लागि करिब रु ५० लाख खर्च लाग्ने आयोजकले जनाएको छ ।रासस

# पाकिस्तानले स्वदेशी पेट्रोलियम पदार्थको उत्पादनलाई प्रोत्साहन गर्ने

**सिन्ह्वा**

इस्लामाबाद । पाकिस्तानका पेट्रोलियममामिला मन्त्री मुसादिक मसूद मलिकले पाकिस्तानले आयात बिल घटाउन स्वदेशी पेट्रोलियम पदार्थको उत्पादन बढाउने बताउनुभएको छ ।



हाल पाकिस्तानले ऊर्जा आयातमा वार्षिक १८ अर्ब अमेरिकी डलरभन्दा बढी खर्च गर्ने गरेको छ । पाकिस्तानले पछिल्लो समयमा देशभित्र तेल तथा ग्यास अन्वेषणलाई गति दिइरहेको उहाँले ऊर्जा सम्मेलनलाई सम्बोधन गर्दै बताउनुभएको हो । देशले अन्वेषणमा विश्वका प्रसिद्ध अन्वेषकहरूलाई आकर्षित गर्ने सक्रिय प्रयास गरिरहेको प्रकाश पार्दै मलिकले पाकिस्तान व्यापारका लागि खुला रहेको र पारदर्शिता बढाउन नियामक प्रक्रियालाई पूर्ण रूपमा आधुनिकिकरण गर्नृन प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

लगानी प्रक्रिया, तेल र ग्याँस अन्वेषणसम्बन्धी जानकारीलाई डिजिटल र सरलीकृत गरिएको उल्लेख गर्दै उहाँले यस क्षेत्रमा लगानी गर्न विदेशी कम्पनीहरूलाई स्वागत गर्दै आएको उल्लेख गर्नुभयो ।

देशमा ऊर्जाको बढ्दो मूल्यबारे कुरा गर्दै मन्त्रीले पेट्रोलियम पदार्थको उत्पादन सर्वोच्च प्राथमिकता रहेकाले निर्बाध र किफायती ऊर्जा आपूर्ति सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको जनाउनुभयो ।

बिजुलीको शुल्क घटाउने विभिन्न प्रस्तावहरू कार्यान्वयन भइरहेका छन् । कुशल पावर प्लान्टहरूमा स्थानीय ग्यास आपूर्ति गरेर, बिजुलीको लागत कम गर्न सकिने उहाँले बताउनुभयो । उहाँका अनुसार टेक्नोलोजी प्रयोग गरेर ग्यास नेटवर्कको व्यापक निगरानीसहित आधुनिक प्रणालीहरू सहरी ग्यासको नोक्सानसँग लड्न प्रयोग भइरहेको छ ।मन्त्रीले पाकिस्तानको प्रचुर मात्रामा नवीकरणीय ऊर्जा स्रोतहरूको उपयोग बढाउन आह्वान गर्दै देशको सौर्य ऊर्जा लागतमा उल्लेखनीय कमी आएको बताउनुभएको छ ।

# जर्मन राष्ट्रपतिद्वारा राजनीतिक 'हिंसा' को निन्दा

**एएफपी**

बर्लिन । जर्मन राष्ट्रपति फ्राङ्क-वाल्टर स्टिनमियरले बिहीबार कार्यस्थलमा वा अभियानका क्रममा राजनीतिज्ञहरूमाथि बढ्दो आक्रमणप्रति चिन्ता व्यक्त गर्नुभएको छ ।

जर्मन संविधानको ७५औं वार्षिकोत्सवको अवसरमा आयोजित एक कार्यक्रममा उहाँले भन्नुभयो, "हामीले राजनीतिक विचारहरूको लडाइँमा कहिले पनि हिंसाको बानी बसाल्नुहुँदैन ।" सन् १९४९ मा जारी गरिएको मूल कानून दोस्रो विश्वयुद्धको समयमा जर्मनीको राजनीतिक हिंसाको अनुभवको प्रतिक्रिया भएको उहाँले बताउनुभयो ।

"हिंसाले कसरी लोकतन्त्रलाई कमजोर बनाउँछ र यसको जगलाई भत्काउँछ भन्नेबारे संविधानको बुबाआमाभन्दा राम्रो अरुलाई कसैलाई थाहा थिएन", राष्ट्रपति स्टिनमियरले भन्नुभयो । उहाँले जर्मनहरूसँग लोकतन्त्रलाई अनुकूल राजनीतिक संस्कृति कायम राख्न आह्वान गर्दै संविधान कुनै अन्तिम विन्दु नभएर 'दिशासूचक' हो भन्नुभयो ।

उहाँले जर्मनीमा राजनीतिक हिंसाको खतरा पुनः बढिरहेको बताउनुभयो । "हामीले प्राय दैनिक निर्वाचित अधिकारी र राजनीतिकरूपमा सक्रिय मानिसहरूमाथि शारीरिक हमलाका खबर प्राप्त गरेका छौं", उहाँले भन्नुभयो, "म हाम्रो मुलुकमा राजनीतिक जीवनको असभ्यताका बारेमा गहिरो चिन्तित छु ।"

प्रहरीले यसै महिना एउटा सार्वजनिक पुस्तकालयको भ्रमणका क्रममा बर्लिनका पूर्वमेयरको टाउकोमा आक्रमण गरेको आशङ्कामा एक जनालाई पक्राउ गरेको छ । हाल बर्लिन राज्यका अर्थमन्त्री र सत्तारूढ सोसल डेमोक्रेटिक पार्टी (एसपिडी) का सदस्य फ्रान्जिस्का गिफीलाई सामान्य चोटपटक लागेपछि अस्पतालमा उपचार गरिएको थियो । एसपिडीका सदस्य तथा युरोपेली संसद् सदस्यलाई बाहिर प्रचार गरिरहेका बेला चार व्यक्तिले आक्रमण गरेपछि अस्पताल भर्ना भएको केही दिनपछि गिफीमाथि आक्रमण भएको छ ।

हालका महिनाहरूमा सरकारका वरिष्ठ सदस्यहरूले पनि आक्रोशयुक्त भीडको सामना गर्नुपरेको छ । यसमा अर्थमन्त्री रोबर्ट ह्याबेकलाई प्रदर्शनकारीहरूको एउटा समूहले नौका छाड्न रोकेका थिए । राष्ट्रपति स्टिनमियरले सन् २०१९ मा नव-नाजीहरूद्वारा रूढिवादी राजनीतिज्ञ वाल्टर ल्युबकेको राजनीतिकरूपले प्रेरित हत्याको पनि स्मरण गर्नुभयो । रासस

# 'बेलायतमा जुलाई ४ मा आमनिर्वाचन गरिने'

**सिन्ह्वा**

लन्डन । बेलायतका प्रधानमन्त्री ऋषि सुनकले जुलाई ४ मा आम निर्वाचन हुने घोषणा गर्नुभएको छ ।

"आज बिहान मैले संसद विघटन गर्न अनुरोध गर्न राजासँग कुरा गरेँ । उहाँले यो अनुरोध स्वीकार गर्नुभएको छ र जुलाई ४ मा आम निर्वाचन हुनेछ," बुधबार साँझ डाउनिङ स्ट्रिटमा गरिएको पत्रकार सम्मेलनमा प्रधानमन्त्री सुनकले भन्नुभयो । नयाँ तथ्याङ्कले देशमा मुद्रास्फीति तीव्र रूपमा (दुई दशमलव तीन प्रतिशतमा) झरेको देखाएको केही घण्टापछि प्रधानमन्त्रीको यो घोषणा आएको हो । करिब तीन वर्षमा यो तथ्याङ्क सबैभन्दा कम हो । सत्तारुढ कन्जर्भेटिभ पार्टीले यसलाई एउटा उत्साहजनक उपलब्धि मानेका छन् ।

सन् २०२३ जनवरीमा प्रधानमन्त्रीको पाँचवटा प्रतिज्ञामध्ये मुद्रास्फीति न्यूनीकरण पनि समावेश रहेको थियो ।

सन् २०२२ जुनको अन्त्यमा मुद्रास्फीति २२ प्रतिशतभन्दा माथि पुगेको थियो । सुनकले हालको यो तथ्याङ्क देशको अर्थतन्त्रका लागि प्रमुख उपलब्धी र उज्वल भविष्यको प्रतिविम्व रहेको बताउनुभयो ।

बेलायतमा कन्जर्भेटिभ पार्टीले १४ वर्षदेखि सत्ता सम्हाल्दै आएको छ । यसले हालैका वर्षहरूमा सुस्त आर्थिक वृद्धिदेखि राजनीतिक अस्थिरतासम्मका चुनौतीहरूको सामना गर्नुपरेको छ। पार्टी नेतृत्वको बारम्बार परिवर्तनले कन्जर्भेटिभ पार्टीभित्रको अस्थिरतालाई देखाउँछ । पछिल्लो युगोभ सर्वेक्षणका अनुसार टोरीहरू (कन्जर्भेटिभ पार्टी) हाल आफ्नो मुख्य प्रतिद्वन्द्वी लेबर पार्टीभन्दा पछाडी रहेका छन् ।



ग्रीष्मकालमा हुने चुनावका लागि सुनकको आह्वानप्रति प्रतिक्रिया दिँदै श्रम नेता कीर स्टारमरले भन्नुभयो, "यो देशले चाहेको र पर्खिरहेको क्षण हो। देशको भविष्य तपाईंको हातमा छ ।""हामी अराजकता रोक्न सक्छौं, पृष्ठ घुमाउन सक्छौं र बेलायतको पुनर्निर्माण गर्न र हाम्रो देश परिवर्तन गर्न सुरु गर्न सक्छौं," उहाँले थप्नुभयो । लिबरल डेमोक्र्याटका नेता एड डेभीले भन्नुभयो "यो सरकार जनताको सम्पर्क बाहिर छ । यो कन्जर्भेटिभ सरकारलाई फ्याक्ने समय हो ।"

मे ३० मा बेलायती संसद औपचारिक रूपमा विघटन हुनेछ र त्यसपछि चुनावी अभियान जुलाई ४ को मतदानको दिनसम्म चल्नेछ । सुनकको घोषणापछि बकिङ्हम प्यालेसबाट आएको एक विज्ञप्तिमा भनिएको छ, "शाही परिवारले सामान्य प्रक्रियाअनुसार चुनावी अभियानबाट ध्यान विचलित गर्ने र हुने कार्यक्रमहरू स्थगित गर्नेछ ।"

"हालैका आर्थिक तथ्याङ्कहरूलाई ध्यानमा राख्दै आम चुनावको घोषणा कुनै वास्तविक आश्चर्यको कुरा थिएन । देशको अर्थतन्त्र सही दिशामा अघि बढिरहेको छ र यो रणनीति परिवर्तन गर्ने समय होइन भनी वर्तमान सरकारले तर्क गर्नसक्छ," बर्मिङ्घम विश्वविद्यालयका प्राध्यापक जोन ब्रायसनले भन्नुभयो ।

लन्डन स्कुल अफ इकोनोमिक्स एन्ड पोलिटिकल साइन्स (एलएसई) का प्राध्यापक इयान बेगले कन्जरभेटिभ पार्टी 'जनमत सर्वेक्षणमा धेरै पछाडि रहेको' र लेबर पार्टीको 'परिवर्तनको समय' को कथा मतदाताहरूसँग प्रतिध्वनित भएको बताउनुभयो । लिभरपुल विश्वविद्यालयका प्राध्यापक जोन टोङले यो एउटा असाधारण निर्णय भएको बताउनुभयो ।



## Invitation for Electronic Bid

**Madhesh Province Government**

## Madhesh Institute of Health Sciences

### Madhesh Province, Janakpurdham, Dhanusha

### Contract Identification No: MIHS/GOODS/NCB/2080-81/01

**Date of Publication: 24thMay 2024**

1. The Madhesh Province Government, Madhesh Institute of Health Sciences, Madhesh Province, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the procurement of Histo-Cyto Pathology Laboratory Setup with Instrument under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhesh Province Government, Madhesh Institute of Health, Sciences, Madhesh Province, Janakpurdham, Dhanusha or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, can download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp should deposit the cost of bidding document of a non-refundable fee of NRs. 3000 till 12:00 PM, 23rd June 2024 in the following Rajaswa (revenue) account as specified below:

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of Bank:** Rastriya Banijya Bank

   **Name of Office:** Madhesh Institute of Health Sciences, Janakpurdham

   **Office Code No.:** 3700017022

   **Office Account No.:** 1000100200010000

   **Rajaswa (revenue) Shirshak No.:** 14229
4. Pre-bid meeting shall be held at the office at 12:00 PM, 14th June 2024.
5. Electronic bid must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 23rd June 2024.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office on 1:00 PM, 23rd June 2024. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 200,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Registrar**

# बहुवर्षीय आयोजनाका लागि १३ अर्बको स्रोत सुनिश्चित

पोखरा । गण्डकी प्रदेश सरकारले पूर्वाधारतर्फका एक सय ६६ बहुवर्षीय आयोजनाका लागि करिब रु १३ अर्बको स्रोत सुनिश्चित गरेको छ । प्रदेशका ११ वटै जिल्लामा बन्ने सडक, पक्की पुल र झोलुङ्गे पुलका लागि आर्थिक मामिला मन्त्रालयबाट रु १२ अर्ब ७३ करोड ९८ लाख बजेटको स्रोत सुनिश्चित भएको हो ।



भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/८१ मा प्रस्ताव गरेका एक सय २७ सडक, ३० पक्की पुल र नौ झोलुङ्गे पुल आयोजना बहुवर्षीयका लागि छनोटमा परेका पूर्वाधार निर्देशनालयका निमित्त निर्देशक डा महेन्द्र बानियाँले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेशका सडक आयोजनामा रु आठ अर्ब ६८ करोड २१ लाख ९४ हजार र पाँचवटा सङ्घीय समपूरक सडकका लागि रु दुई अर्ब १५ करोड ९६ लाखको स्रोत सुनिश्चित गरिएको हो ।

तीसवटा सडक पुलका लागि रु एक अर्ब ८८ करोड र चारवटा झोलुङ्गे पुलका लागि रु एक करोड ७१ लाख बजेटको स्रोत सुनिश्चित भएको निमित्त निर्देशक डा बानियाँले बताउनुभयो । नौ झोलुङ्गे पुलमध्ये पाँच सङ्घीय समपूरकतर्फका रहेका छन् । "एक सय ६६ नयाँ आयोजनालाई यही वर्ष बहुवर्षीय ठेक्का लगाउने लक्ष्य छ", उहाँले भन्नुभयो, "अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गरेपछि ११ वटै जिल्लामा रहेका पूर्वाधार विकास कार्यालयले ठेक्का प्रक्रिया अघि बढाएका छन् ।"

रु १२ अर्ब पूँजीगत बजेट रहेको भौतिक मन्त्रालयले चालु आवमा पुराना वहुबर्षीय र सालबसालीसहित एक हजार चार सय ६४ योजनालाई वार्षिक कार्यक्रममा समावेश गरेको थियो । बढीमा रु २५ करोड लागतसम्मका आयोजना बहुवर्षीय ठेक्काका लागि स्वीकृत गरिएको हो । अधिकांश तीन वर्षका र केही दुई वर्षका आयोजना बहुवर्षीय ठेक्कामा लगाएको छ । "आगामी तीन आर्थिक वर्षसम्मका लागि आयोजनाको बजेट सुनिश्चित गरिएको छ, यसबाट आयोजना निर्माणले गति लिने र समयमै सम्पन्न हुने विश्वास लिइएको छ", निमित्त निर्देशक बानियाँले भन्नुभयो ।

चालु आवमा टुक्रे योजना कटौती गरेको मन्त्रालयले बहुवर्षीय आयोजना छनोट प्रक्रियालाई पनि थप व्यवस्थित बनाएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव शङ्करप्रसाद पण्डितले बताउनुभयो । सङ्घीय सरकारले पठाएका टुक्रे प्रकृतिका योजनासमेत फिर्ता गरेर त्यहाँको बजेट दायित्व सिर्जना भइसकेका ठूला आयोजनाका लागि व्यवस्थापन गरिएको उहाँको भनाइ छ । सङ्घीय सरकारले चालु आवमा रु ३० लाखभन्दा कम बजेटका एक सय ७४ आयोजनाका लागि रु १६ करोड २५ लाख विनियोजन गरेको थियो । सो बजेट दायित्व सिर्जना भएका सङ्घीय सशर्तका आठवटा सडक आयोजनामा रकामान्तरण गरिएको छ । आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटमा सडकतर्फ न्यूनतम रु ५० लाखभन्दा बढी बजेटका योजना बनाउने प्रदेश सरकारको तयारी छ ।

बहुवर्षीयमा छानिएका एक सय ६६ पूर्वाधार आयोजनामध्ये म्याग्दीमा आठ सडक र दुई पक्की पुल रहेको पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख विष्णु पौडेलले जानकारी दिनुभयो । ती आयोजनाका लागि रु एक अर्ब २० करोड बजेट सुनिश्चित भएको छ । बहुवर्षीय ठेक्का लगाउन स्रोत सुनिश्चित भएका सात नयाँ आयोजनालाई कार्यान्वयनमा लगिएको प्रमुख पौडेलले बताउनुभयो ।

प्रदेश सरकारले 'एक निर्वाचन क्षेत्र, एक सडक', स्थानीय तहका केन्द्र जोड्ने सडक, रणनीतिक महत्वका सडक र प्रदेश गौरवका सडक आयोजनालाई अगाडि बढाएको छ । 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गत ३३ सडक आयोजना निर्माणाधीन छन् । ती आयोजनाको कुल दुई सय ७९ किमी सडक स्तरोन्नति गर्न ठेक्का सम्झौता भई कार्यान्वयनमा आएको मन्त्रालयले जनाएको छ ।

प्रदेश निर्वाचन क्षेत्रमा नमुना सडक निर्माण गर्ने लक्ष्यसहित सरकारले आव २०७५/७६ को नीति तथा बजेटमा उक्त कार्यक्रमलाई समावेश गरेको थियो । त्यसयता हरेक आवको बजेटमा उक्त कार्यक्रमले प्राथमिकता पाउँदै आएको छ । सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेशसभा सदस्यको सिफारिसका आधारमा सडक आयोजना छनोट गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले प्रदेश गौरवको आयोजनाका रूपमा स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माणलाई पनि गति दिएको छ । उक्त कार्यक्रमअन्तर्गत ११ सडक आयोजनाको कुल ८९ किमी सडकको स्तरोन्नति भइरहेको पूर्वाधार निर्देशनालयका निमित्त निर्देशक डा बानियाँले जानकारी दिनुभयो । प्रदेश सरकारले प्रदेशका ८५ वटै स्थानीय तहका केन्द्रलाई सडक सञ्जालले जोड्ने लक्ष्य लिएको छ । मन्त्रालयले अहिलेसम्म सडक नपुगेको गोरखाको चुमनुब्री र मनाङको नार्पाभूमि गाउँपालिका केन्द्रमा सडक पुर्याउन विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकेको छ । मार्ग खोलिएका सडकको स्तरोन्नति र कालोपत्र गर्ने योजनालाई अगाडि बढाइएको छ ।

'क' वर्गका १६ प्रादेशिक सडक आयोजनाको एक सय २२ किमी सडक स्तरोन्नतिको काम भइरहेको निमित्त निर्देशक डा बानियाँले बताउनुभयो । उहाँका अनुसार प्रदेश स्थापना भएयता ६ सय ७४ किमी पक्की र पाँच सय ६६ किमी कच्ची सडक बनेको छ । आगामी दुई वर्षभित्रमा थप पाँच सय १५ किमी कालोपत्र र ६७ किमी ग्राभेल गर्ने लक्ष्य लिएको उहाँले बताउनुभयो । पूर्वाधारतर्फ प्रदेश सरकारको सबैभन्दा धेरै बजेट खर्च हुँदै आएको छ । प्रदेश सरकारको 'एक निर्वाचन क्षेत्र, एक सडक' कार्यक्रमअन्तर्गत ३३ सडक आयोजनाको कुल २७९.७१ किमी सडक स्तरोन्नति गर्न ठेक्का सम्झौता भई कार्यान्वयनमा गइसकेको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारको गौरवको आयोजनाका रुपमा रहेको स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण कार्यक्रमअन्तर्गत ११ सडक आयोजनाको कुल ८९.३७ किमी सडकको स्तरोन्नति भइरहेको निमित्त निर्देशक डा बानियाँले जानकारी दिनुभयो ।

'क' वर्गका १६ प्रादेशिक सडक आयोजनाको १२२.५५ किमी सडक स्तरोन्नति गर्ने काम अघि बढेको उहाँको भनाइ छ । गण्डकीमा गत आवसम्ममा ६७४.०६ किमी पक्की र ५६६.८५ कच्ची सडक बनेको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारको लगानीमा पछिल्लो ६ वर्षमा ८५ पक्की पुल बनेका छन् भने ५३ पुल निर्माणाधीन छन् । थप २३ पुलको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयारीको प्रक्रियामा रहेका मन्त्रालयले जनाएको छ । पुल निर्माणले प्रदेशस्तरका सडकमा बाह्रैमास यातायात सञ्चालन गर्न सहज हुनेछ । पुलका लागि चालु आवमा रु ३४ करोड १५ लाख विनियोजन गरिएको मन्त्रालयले जनाएको छ ।

सडकको पहुँच पुगे पनि समयमा पुल निर्माण नहुँदा वर्षायाममा ग्रामीण भेगको यातायात सेवा प्रभावित हुँदै आएको थियो । प ु ल निर्माणले गति लिन थालेपछि प्रदेशस्तरका सडकमा बाह्रैमास यातायात सञ्चालन गर्न सहज भएको स्थानीयवासी बताउँछन् । चालु आवमा कास्कीमा तीन, स्याङ्जा, तनहुँ, लमजुङ र बागलुङमा पाँच-पाँचवटा, गोरखामा चार, नवलपुर, पर्वत, म्याग्दी र नवलपुरमा दुई-दुईवटा र मनाङमा एउटा पुल निर्माणाधीन छन् । यस वर्ष बहुवर्षीयमा गएकासहित कुल ५३ पुल निर्माणाधीन अवस्थामा रहेका पूर्वाधार निर्देशनालयले जनाएको छ ।रासस

# पोर्चुगलमा नेपाली रेष्टुराँलाई अन्तर्राष्ट्रिय अवार्ड

लिस्बन । इटालियन सेफका रुपमा युरोपमा प्रख्यात बागलुङका टङ्क सापकोटाले पोर्चुगलमा सञ्चालन गरेको रेष्टुराँले अन्तर ाष्ट्रिय अवार्ड प्राप्त गरेको छ ।



राजधानी लिस्बनमा सञ्चालित सापकोटाको इटालियन रेष्टुराँ 'फोर्नो दी ओरो'ले अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गरेको हो । युरोपका उत्कृष्ट ५० पिज्जा रेष्टुराँअन्तर्गत सापकोटाले सञ्चालन गरेको उक्त रेष्टुराँ उत्कृष्ट १२औँ मा पर्न सफल भई उत्कृष्ट अवार्डबाट पुरस्कृत भएको हो । स्पेनको राजधानी म्याड्रिडमा फिफ्टी टप पिज्जाले आयोजना गरेको कार्यक्रममा सापकोटालाई उक्त अवार्ड प्रदान गरिएको हो ।युरोपमा प्रत्येक वर्ष प्रदान गरिने अवार्डअन्तर्गत यस वर्ष 'युरोपको उत्कृष्ट १२ औँ पिज्जेरिया' र विश्वभरका नापोलितान पिज्जामध्ये 'विश्वकै उत्कृष्ट १० नापोलितान पिज्जेरिया' मा पर्न सफल भई आफ्नो रेष्टुराँले अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गरेको रेष्टुराँका सञ्चालक सापकोटाले जानकारी दिनुभयो ।

"एउटा नेपालीले सञ्चालन गरेको रेष्टुराँले विदेशीसँगको प्रतिस्पर्धामा उत्कृष्टता हासिल गर्दै अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गर्दा अत्यन्तै खुसी र गौरवान्वित भएको महसुस गरेको छु, यो सफलताले नेपाल र नेपालीको गौरव बढाएको अनुभूति गरेको छु", सापकोटाले राससँग भन्नुभयो । परिवारको साथ, सहयोग र रेष्टुराँमा कार्यरत सबै कर्मचारीको कडा मेहनत र परिश्रमले यो सफलता प्राप्त भएको सापकोटाले बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घीय सांस्कृतिक निकाय (युनेस्को)ले इटालीको प्रख्यात 'नापोलितान पिज्जा' बनाउने कलालाई विश्वसम्पदा सूचीमा समावेश गरेको छ । त्यसमा सापकोटाले सञ्चालन गरेको रेष्टुरेन्ट 'फोर्नो दी ओरो' उक्त सूचीमा सूचीकृतसमेत छ । जुन रेष्टुराँमा सुनको जलप लगाइएको चुल्होमा पिज्जा पकाउने गरिन्छ । करिब २७ वर्षदेखि सपरिवार पोर्चुगल बस्दै आउनुभएका सापकोटाको राजधानी लिस्बनमा तीन इटालियन र एक नेपाली गरी चार रेष्टुराँ सञ्चालनमा छन् । सापकोटाले सन् २०१८ मा इटालीबाट खरिद गरी ल्याउनुभएको विश्वकै ठूलो र दुर्लभ प्रजातिको बहूमूल्य च्याउ (ह्वाइट ट्रफल) पोर्चुगलमा सार्वजनिक गर्नुभएको थियो ।

उहाँ इटालियन खानामा प्रदर्शन गर्नुभएको कला, कौशल र प्रतिभाकै कारण दर्जनौं पुरस्कारसमेत प्राप्त गर्न सफल हुनुभएको छ । उहाँ सन् २०१६ मा पोर्चुगलमा युवा सिर्जनशील व्यवसायी घोषित हुनुभएको थियो । सापकोटाको रेष्टुराँ सन् २०२३ मा समेत उत्कृष्ट १६औँ मा पर्न सफल भई 'उत्कृष्ट पिज्जा रेस्टुरेन्ट अवार्ड' बाट पुरस्कृत भएको थियो ।सापकोटाले कोरोना कहरमा कोरोनाका कारण रोजगारी गुमाएका तथा समस्यामा परेका राजधानी लिस्बनका १० हजार सूचीकृत न्यून आय भएकालाई 'एकमहिने निःशुल्क खाना अभियान' सञ्चालन गरेर निःशुल्क खानासमेत खुवाउनुभएको थियो ।रासस

# हरित ऊर्जा प्रवर्द्धनमा जोड

काठमाण्डु । सराकारवालाहरुले जलवायु परिवर्तनको समस्या निराकरणका लागि हरित उर्जा प्रवर्द्धनमा जोड दिनुभएको छ । यहाँ जारी 'हिमाल, मानव र जलवायु परिवर्तनः विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद'को दोस्रो दिन विहिबार 'आर्थिक वृद्धिः स्वच्छ ऊर्जा र हरित अर्थव्यवस्था' विषयक सत्रमा सहभागी उहाँहरुले हरित उर्जा प्रवर्द्धनमा जोड दिनुभएको हो ।

प्रतिनिधिसभा सदस्य डा स्वर्णीम वाग्लेले विश्वमा जलवायु परिवर्तनसम्बन्धी समस्या न्यूनीकरणका लागि विश्वव्यापी रुपमा नै पहल आवश्यक रहेको बताउनुभयो । "जलवायु परिवर्तनको समस्या निराकरणका लागि हरित अर्थव्यवस्थामा गएमा वायुमण्डलमा बढिरहेको तापक्रम वृद्धिदर एक दशमल पाँच डिग्री सेल्सियसमा सीमित राख्ने लक्ष्य कायम राख्न सक्छौँ", उहाँले भन्नुभयो, "धनि मुलुकहरुका कारण विश्वमा कार्बन उत्सर्जन बढिरहेको छ । कार्बन उत्सर्जन कम गर्न हरित उर्जा प्रवर्द्धन जरुरी छ ।" उहाँले शून्य कार्बन रणनीतिक योजना कार्यान्वयनमा हुनुपर्नेमा पनि जोड दिनुभयो । नवीकरणीय ऊर्जा बढाउन सरकारले अनुदान दिन जरुरी रहेको वाग्लेको भनाइ थियो ।

एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी थाइल्याण्डका प्राध्यापक डा शोभाकर ढकालले जलवायु परिवर्तनले ल्याएको समस्या निकारणको दिगो उपाय खोज्दै ऊर्जा क्षेत्रको सुरक्षा गर्न आवश्यक रहेको धारणा राख्नुभयो । "हरित ऊर्जाको विकासमा जोड दिन सकेमा जलवायुको असर न्यूनीकरणका नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारी हुनेछ", उहाँले भन्नुभयो, "जलविद्युत्सम्बन्धी अर्थव्यवस्था हिमाली क्षेत्रमा जरुरी छ, तसर्थ ऊर्जा क्षेत्रमा सन्तुलन आवश्यक छ ।"रासस


## जनकपुरधाम उप-महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा
### मधेश प्रदेश, नेपाल

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१।०२।०९)

यस जनकपुरधाम उप-महानगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम फोहर प्रशोधन केन्द्रको निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य परामर्श सेवा मार्फत सम्पादन गर्नुपर्ने भएकोले यस उप-महानगरपालिकाको कार्यालयमा सूचीकृत फर्म वा कम्पनीहरुले तपसिल बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्रमा कार्यालय समय भित्र यस उप-महानगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

क. प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले ७ (सात) औं दिनको कार्यालय समय भित्र उप-महानगरपालिकाको कार्यालय जनकपुरधाममा दर्ता गर्नु पर्नेछ ।

ख. प्रस्ताव पेश गर्न इच्छुक फर्म वा कम्पनीहरु यस उप-महानगरपालिकाको कार्यालयमा सूचीकृत हुनुपर्नेछ ।

ग. सूचीकृत भएको प्रमाणपत्र सहित माथि उल्लेखित कार्य गर्नको लागि आवश्यक लागत अनुमान सहितको छुट्टाछुट्टै सिलबन्दी प्रस्ताव (आर्थिक र प्राविधिक प्रस्ताव) पेश गर्नुपर्नेछ ।

घ. प्रस्तावसँगै व्यवसाय दर्ता प्रमाणपत्र/नवीकरण, कर चुक्ता प्रमाणपत्र, कालो सूचीमा नपरेको स्वघोषणा लगायत कार्य सम्पादन गर्न सक्ने सहितका प्रस्तावदातासँग सम्बन्धित कागजातहरु पेश गर्नुपर्नेछ ।

ङ. फर्म वा कम्पनीको विवरण, संगठन र कर्मचारीको विवरण तथा विगतमा सम्पन्न गरेका समान प्रकृतिका काम र विवरण पेश गर्नुपर्नेछ ।

च. प्रस्ताव पेश गर्न रु १०००।- (अक्षरेपी रु एक हजार मात्र) को यस पालिकामा राजस्व तिरेको रसिद वा यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक जनकपुरधाम भानु चौक शाखाको आन्तरिक राजस्व खाता नंः १२२०१००३०१०१०१०००७ मा रकम जम्मा गरेको सकल भौचर पेश गर्नु पर्ने छ ।

माथि उल्लेखित कार्यका लागि कार्य शर्तगत विवरण (ToR) मा यस कार्यालयको वेबसाइट www.janakpurmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि यस कार्यालयको वातावरण तथा फोहर व्यवस्थापन शाखामा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



## Invitation for Quotations
## Dhanauji Rural Municipality
### Office of Rural Municipal Executive
### Dhanauji, Dhanusha
### Mahdesh Province, Nepal

## Invitation for Quotations for Lakhauri Purwari tole ma Ranjit Ghar dekhi Sugrahi samma Naala Nirman

**Contract Identification No: DRM/SQ/WORKS/01-2080/81**

**Date of publication: 2024/05/24**

1. The Dhanauji Rural Municipality, Dhanauji, Dhanusha invites sealed quotations for the construction of Lakhauri purwari tole ma Ranjit ghar dekhi Sugrahi samma Naala Nirman. The estimated amount for the works is NRs. 10,71,518.11 (Inclusive of VAT).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents through website www.bolpatra.gov.np.
3. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP(www.bolpatra.gov.np/egp). Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account :
   **Name of the Bank:** Nabil Bank Ltd.,Dhanauji, Dhanusha
   **Name of Office:** Dhanauji Rural Municipality, Dhanusha
   **Office Account no.:** 22301017500035
4. Sealed bids must be submitted to the office Dhanauji Rural Municipality, Dhanauji, Dhanusha through e-GP system i.e www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 2024/06/09. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2024/06/09, 13:00 hrs at the office of Dhanauji Rural Municipality, Dhanauji, Dhanusha. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 30,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# चार सय साथी शिक्षक तयार

टुडे समाचारदाता

जनकपुरधाम । बाल विवाह न्यूनीकरणकालागि मधेश प्रदेश सरकारले चार सय जना विद्यार्थीलाई तालिम दिएर साथी शिक्षक (रूपान्तरण चैम्पियन) तयार गरेको छ। मधेश प्रदेशमा बालविवाह, दाइजो प्रथा, लैङ्गिक हिंसाको अवस्था बढ्दो रहेकाले यसको न्यूनीकरणका लागि साथी शिक्षकले जनचेतना फैलाउने काम गर्ने जनाएको छ।

मधेश प्रदेशको तीन जिल्ला धनुषा, महोत्तरी र सप्तरीमा सञ्चालित उक्त कार्यक्रम अन्तर्गत विद्यार्थीलाई प्रभावकारी सञ्चार, तनाव व्यवस्थापन, लक्ष्य प्राप्त गर्दा आउने चुनौती, जीवन उपयोगी सीप, बाल अधिकारको प्रयोग, लिङ्ग र लैङ्गिकता सहितका विषयमा प्रशिक्षक रामदेव ठाकुरले तालिम दिएका छन्।

उनले तालिम लिएका एक जान विद्यार्थीले आफ्नो विद्यालयका सय जना विद्यार्थीलाई तालिम लिएका विषयको बारेमा जानकारी गराउने बताए। यसले गर्दा समाजमा हुने गरेको बालविवाह, दाइजो प्रथा, लैङ्गिक हिंसा सहितका विकृतिहरू न्यूनीकरण हुनुको साथै विद्यार्थीमा जीवन उपयोगी सीपको विकास हुने उनको भनाइ छ।

प्रत्येक जिल्लामा चार-चार वटा समूह बनाएर विभिन्न चरणमा पाँच दिनसम्म तालिम दिइएपछि विद्यार्थीमा विद्यालयमा कुनै प्रकारको घटना हुँदा त्यसको व्यवस्थापन कसरी गर्ने, संविधानमा उल्लेखित बाल अधिकारलाई कसरी उपयोग गर्ने र जीवनमा असल नागरिक कसरी बन्ने विषमा तालिम लिएका विद्यार्थीमा ज्ञान भएको रूपान्तरण कार्यक्रमका धनुषा संयोजक नीलमणि शुक्लले जानकारी दिए।

उनले मधेश प्रदेशका तीन जिल्लाको १२ पालिकाका एकसय वटा विद्यालयका विद्यार्थी तालिममा सहभागी भएको जानकारी गराए। उनले उक्त कार्यक्रममार्फत चारसय विद्यार्थीका साथै दुईसय जना शिक्षक र तीनसय जना विद्यालयका गुनासो सुनुवाइ समितिका पदाअधिकारीलाई तालिम दिइएको बताए।

धनुषाको लक्ष्मिनियाँ गाउँपालिका, शहीदनगर नगरपालिका, मिथिला नगरपालिका र जनकपुरधाम उपमहानगरपालिका महोतरीको मनराशिसवा नगरपालिका, एकडारा गाउँपालिका, पिपरा गाउँपालिका र बर्दिबास नगरपालिका र सप्तरीको सुरुङ्गा नगरपालिका, छिनमस्ता गाउँपालिका, विष्णुपुर गाउँपालिका र राजविराज नगरपालिकामा उक्त कार्यक्रम सञ्चालनमा रहेको छ।

# नेपाल भारतका व्यापारीहरुको शिखर सम्मेलन सम्पन्न

**घोषणापत्रमा दुवै देशका ब्यापार सम्बन्धी नीतिहरुमा फरक फरक प्रावधानहरु र कानुनी जटिलताहरुले व्यापारलाई कठिन बनाउने गरेको तथा व्यापार नीतिहरु अचानक परिवर्तन हुँदा व्यापारीहरुलाई अनुकूल गर्न गाह्रो हुने भएकाले व्यापार तथा औद्योगिक नीतिहरु दिर्घकालीन हुनुपर्ने उल्लेख छ ।**

टुडे समाचारदाता

वीरगञ्ज । नेपाल र भारतका व्यापारीहरुको शिखर सम्मेलन वीरगञ्जमा बिहीबार सम्पन्न भएको छ । नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेश समिति तथा पीएचडी चेम्बर अफ कमर्स एण्ड इण्डष्ट्रिज भारत नेपाल सेन्टरले बिहीबार आयोजना गरेको सम्मेलनमा भारतले तीब्र गतिमा गरिरहेको विकासबाट नेपालले पनि फायदा लिनुपर्ने सम्मेलनमा सहभागीहरुले औल्याएका थिए । रेलवेज, हाइवेज, सुपरवेज र वन्दरगाहहरुको विकासबाट नेपालले पनि उपलब्धि लिनुपर्ने धारणा वक्ताहरुले व्यक्त गरेका थिए।




कोलकाता स्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदूत ईश्वरराज पौडेलले भारतमा विकास भएका रेलवेज, हाइवेज, सुपरवेज र वन्दरगाहबाट नेपालले कनेक्टिभिटिहरु बढाउदै आर्थिक विकासमा फाइदा लिनुपर्ने बताए। उनले नेपाल र भारतबीच विद्यमान पारस्परिक सम्बन्धका साथै पछिल्लो समयमा भएको तीब्र आर्थिक तथा भौतिक विकास नेपालसंगको व्यापार सम्बन्ध थप लाभकारी सावितहुनसक्ने बताए।

वीरगञ्ज स्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत देवी सहाय मीणाले नेपाल भारत बीचको खुला सिमाना, सदियौ देखिको वैवाहिक, धार्मिक जस्ता आधारस्तम्भमा आधारित विश्वमै अनौठो सम्बन्ध रहेको बताए । उनले नेपालको आर्थिक विकासका लागि भारत सधैं सकारात्मक रहेको बताउँदै पहिलो छिमेकी मूलमन्त्रका साथ भारतले नेपालको भौतिक, सामाजिक आर्थिक विकासमा अनवरत सहयोग गर्दै आएको बताए । उनले नेपाल भू-परिवेष्ठित देश भए पनि तेस्रो मुलुकबाट आयात गर्नका लागि भारतीय भूमिबाट पारवहन सेवा सहजीकरण गरिएको बताए।

भारतीय कन्टेनर निगमका क्लष्टर हेड विशाल डी पाटिलले नेपाल र भारत महत्वपूर्ण व्यापारिक साझेदार भएको र पारवहन सेवाको सञ्जाल अझ महत्वपूर्ण रहेको बताए । लगानी वोर्डका कार्यकारी निर्देशक सुशील भट्टले विकास निर्माणको रुपान्तरणको चरणमा नेपाल रहेको बताए। नेपाल इन्टर मोडल यातायात विकास समितिका कार्यकारी अधिकृत आशिष गजुरेलले पारवहन सञ्जालका लागि नेपालमा हाल ८ वटा बन्दरगाहहरु सञ्चालनमा रहेको र यसको भौतिक पूर्वाधार विस्तार र संरचना निर्माणमा पनि निरन्तर प्रयास भइरहेको बताए।

सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासंघका मधेश प्रदेश अध्यक्ष अशोक टेमानी, वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवाल, नेपाल भारत सहयोग मञ्चका अध्यक्ष अशोक वैद्य, उद्योगी जगदीश अग्रवाल, वरिष्ठ पत्रकार चन्द्र किशोर लगायतले नेपाल भारत बीचको आर्थिक कनेक्टिभिटि र भविष्यमा देखिएका सम्भावनाको बारेमा आ-आफनो धारणा राखेका थिए।

शिखर सम्मेलन अत्यन्त उपलब्धिमूलक रहेको र यसले नेपाल र भारतको उद्योग व्यापारको विकास र आर्थिक उन्नतीमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास रहेको पीएचडी चेम्बर अफ कमर्स इण्डिया नेपाल सेन्टरका सचिव अतुल ठाकुरले बताए।

उक्त सम्मेलनले २१बुन्दे वीरगञ्ज घोषणा पत्र जारी गर्दै बिहीबार सम्पन्न भएको छ। जारी गरिएको घोषणा पत्रमा नेपाल र भारत बीच व्यापार र पारवहन सम्बन्धलाई अझ महत्वपूर्ण र गहिरो बनाउन अन्तर्राष्ट्रिय ब्यापारको लागि भारतसंगको पारवहन सुविधामा निर्भर कम खर्चिलो हुनुपर्ने सम्भावनाको खोजी गरिनुपर्ने सुझाव दिए।

घोषणापत्रमा दुवै देशका ब्यापार सम्बन्धी नीतिहरुमा फरक फरक प्रावधानहरु र कानुनी जटिलताहरुले व्यापारलाई कठिन बनाउने गरेको तथा व्यापार नीतिहरु अचानक परिवर्तन हुँदा व्यापारीहरुलाई अनुकूल गर्न गाह्रो हुने भएकाले व्यापार तथा औद्योगिक नीतिहरु दिर्घकालीन हुनुपर्ने उल्लेख छ। साथै नेपाल भारत सीमामा आयात-निर्यात कारोबारलाई सहज गर्न पारदर्शी र मर्यादित बनाउन सञ्चालित भन्सार, सुक्खा बन्दरगाह, एकीकृत जाँच चौकीहरुको पूर्वाधार सुधार, आधुनिक प्रविधियुक्त र प्रभावकारी सञ्चालन हुनुपर्ने आवश्यता औल्याइएको थियो।

# मापदण्ड विपरीत तीन गुणा बढी खोला उत्खनन्



टुडे समाचारदाता

कलैया। मापदण्ड विपरीत तीन गुणाभन्दा बढी खोला उत्खनन् हुँदा सरोकारवाला निकाय मौन रहेका छन् । ठेकेदारले मनोपरी खोला दोहन गर्दा पनि सरोकारवाला सबै निकाय मौन देखिएको छ।

जिल्लाको १६ वटा पालिकाहरूमध्ये जितपुरसिमरा उपमहानगरपालिका, निजगढ र कोल्हवी नगरपालिकाले दुधौरा, बालगंगा, पसाहा, बकैया, भक्तलाल, शक्ति खोला उत्खनन् गर्न ठेक्का लगाउँदै आएका छन्।

- **जितपुरसिमरा उपमहानगरले १० करोड ५६ लाख रुपैयाँमा दुधौरा, बालगंगा, पसाहा खोलाबाट ८२ लाख ४० हजार ३७६ घनफिट उत्खनन् गर्न ठेक्का लगाएको छ ।**
- **निजगढ नगरपालिकाले आठ करोड २८ लाख २९ हजार रुपैयाँमा बकैया, भक्तलाल र शक्ति खोलाबाट ७० लाख ६ हजार ६६८ घनफिट उत्खनन् गर्न ठेक्का लगाएको छ ।**
- **कोल्हवी नगरपालिकाले दुई करोड ९१ लाख रुपैयाँमा बकैया खोलाको तल्लो भागबाट २८ लाख घनफिट उत्खनन् गर्न ठेक्का लगाएको छ ।**

यसरी अवैध ठेक्का लगाउने कार्यप्रति मौन भएर आफ्नो भागको कमिसन लिन देखावटी अनुगमन, निरीक्षणको कार्य जिल्ला समन्वय समिति, सुरक्षा निकाय र डिभिजन वन कार्यालयले गर्दै आएको छ।

चालु-आर्थिक वर्षका लागि जितपुरसिमरा उपमहानगरले १० करोड ५६ लाख रुपैयाँमा दुधौरा, बालगंगा, पसाहा खोलाबाट ८२ लाख ४० हजार ३७६ घनफिट उत्खनन् गर्न ठेक्का लगाएको छ।

यस्तै, निजगढ नगरपालिकाले आठ करोड २८ लाख २९ हजार रुपैयाँमा बकैया, भक्तलाल र शक्ति खोलाबाट ७० लाख ६ हजार ६६८ घनफिट उत्खनन् गर्न ठेक्का लगायतका तथा कोल्हवी नगरपालिकाले दुई करोड ९१ लाख रुपैयाँमा बकैया खोलाको तल्लो भागबाट २८ लाख घनफिट उत्खनन् गर्न ठेक्का लगाएको छ।

यसरी तीन वटा पालिकाहरूले वातावरणीय प्रभाव मूल्याङ्कनसहितको प्रतिवेदनमा तोकिएको मापदण्ड विपरीत तीन गुणा बढी उत्खनन् गर्न ठेक्का लगाइएको छ। यसरी अवैध कार्य गर्ने स्थानीय पालिकाहरूले वातावरणमा प्रभाव पार्नेलाई रोक्नु भन्दा झन् प्रोत्साहन गरिरहेका छन्।

अहिले विश्वमा मौसम परिवर्तनलगायतका समस्याबाट छुटकारा पाउन सबै वर्ग चिन्तनका विषयमा लागेर त्यसको निराकरण गर्ने तर्फ लागे पनि पालिकाहरूले झन् समस्या थपिँदै आएको जितपुरसिमरा उपमहानगरका-१६ का वडाध्यक्ष हरिदेव खरेलले बताए।

यसरी अवैध उत्खननका कारण चुरेक्षेत्र मासिनु र वर्षौंदेखि तराईका जिल्लाहरूमा पानीको सतह कम भएपछि खानेपानी लगायतका समस्याबाट खेप्दै आएको उनले बताए।

सम्झौता अनुसार खोला उत्खनन् गर्न ३ फिटभन्दा गहिराइमा खन्न नपाउने व्यवस्था छ । तर खोलामा २५ फिट गहिराइसम्म उत्खनन् भइरहेको छ, पालिकाले ठेक्का लगाएको परिमाण एक/डेढ महिनामै खोलाबाट निकालेर ठाउँ-ठाउँमा स्टक गरिसकेको देखिन्छ, अहिले पनि खोलामा उत्खनन् भइरहेको छ।

जिल्लामा ५० भन्दा बढी बालुवा प्रशोधन केन्द्रसहितका क्रसर उद्योगहरू सञ्चालित रहे पनि त्यसको यकिन विवरण जिल्ला समन्वय समिति, प्रमुख प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी कार्यालय र डिभिजन वन कार्यालयमा कहीँ कतै रहेको छैन।

“बिना यकिनको खाली प्रक्रिया पु्र्याउन कागजमै अनुगमन निरीक्षण गर्ने निकायसँग, यस विषयमा जानकारी लिन खोज्दा प्रहरी प्रशासनसँग होला हामीसँग छैन।” जिल्ला समन्वय समितिका अध्यक्ष नरेन्द्र साहले भने।

प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले राजस्व सङ्कलनको नाममा स्थानीय तहले मनोमानी गर्दै आएको गुनासाहरू आएपछि मापदण्ड विपरीत उत्खनन् नगर्न पालिकाहरूलाई पत्राचार गरे पनि सो पत्रको कुनै जवाफ नदिएको बताए।

# महिला कर्मचारी शोषित

अनिल तिवारी

वीरगञ्ज । पर्साको कालिकामाई गाउँपालिकामा महिला माथि दुर्व्यवहारको घटना बढदै गएको छ । तीन महिना अगाडि कालिकामाई गाउपालिका-१ मुर्लि स्थित एक शिक्षिका माथि गरिएको दुर्व्यवहारको घटना सेलाउन नपाउदै पुनः अर्को घटना दोहरिएको छ।

कालिकामाई गाउँपालिका-५ बिरंचीबर्वामा रहेको स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगीले एक स्वास्थ्यकर्मी महिलासंग दुर्व्यवहार गरेको घटनाको खुलासा भएको छ । आइतवार दिउँसो कार्यालय सहयोगी मेघराज महतो केवटले एक महिला स्वास्थ्यकर्मीसंग दुर्व्यवहार गरेपछि पीडितलाई जोगाउन स्थानीय जनप्रतिनिधि तथा जनस्वास्थ्य कार्यालय प्रमुख लागेको आरोप लागेको छ।

कार्यालय सहयोगी एवम कार्यालय प्रमुख रामेश्वर कोइरी समेतले महिला कर्मचारीसंग दुर्व्यवहार गरेको अरोप लागेको वडा सदस्य मंजित राउत कमकरले बताए। उनले आइतवार कार्यालय सहयोगी मेघराज महतोले एक महिला स्वास्थ्यकर्मीसंग कार्यालयमा दुर्व्यवहार गरेको घटानाको बारेमा बताउदै कार्यालय प्रमुख कोइरीले पनि एक महिला नर्सलाई गलत नियलले सधै स्पर्श गर्ने गरेको आरोप लगाए।

दुवै घटनाको बारेमा वडा अध्यक्ष जयनारायण कुर्मि र नगर प्रमुख बशिष्ट गुप्तालाई जानकारी भइसकेको बताउदै उनले भने,‘ पीडित कार्यालय सहयोगी वडा अध्यक्ष जयनारायण कुर्मिको मान्छे भएको कारण बचाउने काम भइरहेको छ,जनस्वास्थ्य प्रमुखमाथि पनि आरोप लागेको छ दुवै जना मिलेर पीडित दुवै महिलाहरुलाई सरुवा गराएर घटनालाई दबाउन लागि परेका छन् । तर स्थानीय जनतामा व्यापक आक्रोश छ।’

कार्यालय प्रमुख रामेश्वर कोइरीले घरमा विवाह पूजाको कारण मंगलवार देखि विदामा रहेको बताउँदै जनप्रतिनिधिहरुसंग छलफलबाट घटनाको छानबिन गरी अगाडि बढने बताए । उनीमाथि नै लागको आरोपको बारेमा उनी बोल्न चाहेनन।

# इनारमा निसास्सिएर मृत्यु




टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा इनार सफा गर्ने क्रममा एक जनाको निसास्सिएर मृत्यु भएको छ । धनुषाको गणेशमान चारनाथ नगरपालिका- ४ का ३० वर्षीय रामप्रसाद शर्माको मृत्यु भएको छ।

४० मिटर गहिरो इनार सफा गर्न पसेका शर्माको मृत्यु भएको सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण हेडक्वाटर धनुषाका प्रहरी निरीक्षक सुरेश लामाले जानकारी दिए।

उनका अनुसार उनी बुधबार बिहान सोही नगरपालिका-४ भरतपुर स्थित उदगारी यादवको इनार सफा गर्न इनार भित्र पसेका थिए। सोही क्रममा उनको निसास्सिएर मृत्यु भएको थियो।

घटनाबारे प्रहरीलाई खबर प्राप्त भएपछि सुरक्षा वेश रघुनाथपुर र धनुषा गण नम्बर-८ बाट खटिएको ४ जना गोताखोरसहित ११ जनाको विपद् उद्धार टोली घटना स्थलमा पुगेको थियो।

# सिरोहियाको साथमा काँग्रेसः नेता निधि




टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसका नेता एवम् पूर्वउपप्रधान तथा गृमहन्त्री विमलेन्द्र निधिले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियाको साथमा सिंङ्गो कांग्रेस पार्टी रहेको बताएका छन्।

जनकपुरधाम विमानस्थलमा बिहीबार संचारकर्मीहरुसंग कुराकानी गर्दै कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका पूर्वमन्त्री निधिले सिरोहियाको साथमा कांग्रेस रहेको र उनको हरेक लडाईमा कांग्रेस साथमा रहने बताए।

नेता निधिले भने-‘कैलाश सिरोहियाजीको मिडिया क्षेत्रमा र मुलुकको राजनीतिक व्यवस्था परिवर्तनमा समेत अतुलनीय योगदान रहेकाले हामी वहाँको साथमा छौं।’

शुक्रबारदेखि काठमाण्डुमा हामी सरकारको कार्यशैलीविरुद्धमा प्रदर्शन गर्ने भन्दै नेता निधिले हामी सदनदेखि सडक आन्दोलनमा होमिसकेको बताए । आवश्यक परेमा सातवटै प्रदेशमा हामी एकैसाथ आन्दोलनमा उत्रन सक्ने चेतावनीसमेत उनले दिए।

नेता निधिले कान्तिपुरका सञ्चालक सिरोहिया गैरनेपाली र अनागरिक नरहेको बताउँदै उनी जनकपुरधामका रैथाने रहेको दावी गरे।

गृहमन्त्री रवि लामिछानेसंग दुई वटा नागरिकता र दुई पासपोर्ट रहे पनि उनलाई कारबाही नहुनु र मुलुकको हरेक परिवर्तनशील आन्दोलनमा साथ दिने कान्तिपुरका सञ्चालक सिरोहियामाथि जाइलाग्नु स्वतन्त्र प्रेसमाथिको आक्रमण भएको नेता निधिले बताए।

उनले गृहमन्त्री लामिछानेले प्रतिशोध साँध्नका लागि सिरोहियामाथि जाइलागेकेको आरोप लगाए।

उनले सिरोहियाको नागरिकता किर्ते नभएको दाबीसमेत गरे। सिरोहियाको घर आफ्नो घरको सामुन्ने भएको बताउँदै उनको नागरिकताप्रति प्रश्न उठाउनु गलत भएको जिकिर गरे।

उनले गृहमन्त्री लामिछानेको सहकारी काण्डबारे निरन्तर समाचार प्रकाशित पछि प्रतिशोधको भावनाले गिरफ्तारी गराएको बताए । उनले जिल्ला प्रशासन कार्यालय धनुषाको कर्मचारीको गल्तीको कारण सिरोहियाले दुःख भोग्नुपरेको प्रति दुःख व्यक्त गरे।

कान्तिपुर मिडिया ग्रुपका संचालक सिरोहियालाई धनुषा जिल्ला अदालतले तीन दिनको म्याद दिएर अनुसन्धान गरिरहेको छ।

आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!

शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित

यही मिति २०८१/०२/१३ गते आइतवारका दिन २×२ लक्जरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।

विशेष यात्रा

हलेशी, काठमाण्डौं, डोलेश्वर महादेव, गलेश्वर महादेव, मुक्तिनाथ, कागबेनी, पोखरा बाग्लुंग भगवती, मनोकामना माई, देवघाट, सम्मको ७ दिनको यात्राको लागि प्रति व्यक्ति रु. १२,०००/- नेपाली (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ ।



सम्पर्क

प्रो. पोषण प्रसाद साह

जानकी चौक, जनकपुरधाम-१०

पल्टी माई मन्दिर सब्जी बजार

डढेलो नियन्त्रण गरौं, वातावरण जागाऔं ।

डढेलोले,

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ।

त्यसैले,

वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८